*"स्वस्थ, सुन्दर समतामूलक र समृद्ध गढी: कृषि, शिक्षा, पर्यटन र उद्योगमा अगाडी"*

# आवधिक योजना

## (आ.व. २०७५/०७६ –२०७९/०८०)

गढी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**औरावनी,सुनसरी**

प्रदेश नं.१, सुनसरी, नेपाल

| | |
|---|---|
| **दस्तावेज** | **गढी गाउँपालिकाको आवधिक गाउँ विकास योजना दस्तावेज** |
| **प्रकाशक** | **गढी गाउँपालिका, औरावनी, सुनसरी ,प्रदेश नं. १, नेपाल** |
| **सर्वाधिकार** | **प्रकाशकमा** |
| **प्राविधिक सहयोग** | **सामुदायिक विकास कार्यक्रम/विश्व खाद्य कार्यक्रम**<br>**Community Development Programme (CDP)/World Food Programme (WFP)**<br>सम्पर्क ठेगानाः<br>विश्व खाद्य कार्यक्रम (डब्लु एफ पी)<br>पो व.नं. १०७, चाकुपाट, ललितपुर<br>*सम्पर्क : +९७७ ०१-५२६०६०७/५२६०६९३*<br>***Website: www.wfp.org*** |
| **मिति** | **२०७५ कार्तिक** |
| **वेभसाइट** | www.gadhimun.gov.np |
| **ईमेल** | *ito.gadhiruralmuncipality@gmail.com* |

# विषय सूचि

## परिच्छेद १

## परिचय

१.१ पृष्ठभूमि : .......... १
१.२ योजना तर्जुमाको उद्देश्य.......... १
१.३ कानूनी तथा नीतिगत व्यवस्था .......... २
१.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया .......... ३
१.४.१ आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्विकृती .......... ३
१.४.२ योजना तयारी कार्याशाला गोष्ठी.......... ३
१.४.३ आधाररेखा सुचना तथा वस्तुस्थिति विश्लेषण .......... ४
१.४.४ आवधिक योजना तर्जुमा गोष्ठी.......... ४
१.४.५ योजना दस्तावेज तयारी.......... ४
१.४.६ योजना प्रमाणिकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी .......... ५
१.५ सिमा.......... ५

## परिच्छेद २

## वस्तुस्थिति विश्लेषण

२.१ गाउँपालिकाको संक्षिप्त परिचय .......... ६
२.२ विकासका लागि विगतका प्रयास र उपलब्धि.......... ७
२.३ विषय क्षेत्रगत अवस्था विश्लेषण .......... ७
२.३.१ आर्थिक विकास :.......... ७
२.३.२ सामाजिक विकास.......... १०
२.३.३ पूर्वाधार विकास.......... १३
२.३.४ वातावरण तथा विपद .......... १५
२.३.५ संस्थागत विकास र सेवा प्रवाह.......... १७

## परिच्छेद ३

## योजना अवधारणा तथा प्रारूप

३.१ विकासको दीर्घकालिन सोच .......... २०
३.२ लक्ष्य तथा उद्धेश्य.......... २०
३.३ प्राथमिकता तथा रणनीतिहरू.......... २०
३.४ नतिजा तालिका.......... २०
३.५ नीति तथा कार्यनीति.......... ३४

## परिच्छेद ४

## कार्यान्वयन योजना

४.१ स्रोत अनुमान तथा प्रक्षेपण .......... ४२
४.२ कार्यक्रम तथा योजना.......... ४२

४.३ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट....................................................५७
४.४ श्रोत परिचालन रणनीति....................................................५८
४.५ आवधिक योजना कार्यान्वियन....................................................५८
४.६ अनुगमन तथा मूल्याङ्कन....................................................५८
अनुसुचि १: आवधिक योजनाको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन खाका....................................................६०
अनुसुचि २: प्रमुख वस्तीहरू, जोखिम वस्ती तथा प्रमुख वजार केन्द्रहरू....................................................७४
अनुसूची ३: एकीकृत वार्षिक योजना तर्जुमाको ढाँचा....................................................७४

तालिकाहरू

तालिका १: वडा अनुसार गाउँपालिकाको क्षेत्रफल....................................................६
तालिका २: भूमीको प्रकार अनुसारको क्षेत्रफल....................................................७
तालिका ३ : आर्थिक विकास (संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्था)....................................................८
तालिका ४ : सामाजिक विकास (संभावना, समस्या तथा आवश्यकता)....................................................१०
तालिका ५ : पूर्वाधार विकास (संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्था)....................................................१३
तालिका ६ : वातावरण तथा विपद (संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्था)....................................................१५
तालिका ७ : संस्थागत विकास र सेवा प्रवाह (संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्था)....................................................१७
तालिका ८ : आवधिक योजनाको नतिजा तालिका....................................................२१
तालिका ९ : प्रक्षेपण गरिएको आवधिक बार्षिक बजेट....................................................४२
तालिका १०: आवधिक योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि तय गरिएका कार्यक्रम तथा योजना....................................................४३
तालिका ११ : विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट....................................................५७
तालिका १२: आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया....................................................५९

# शब्द संक्षेप

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| अ.ले.प | : | आन्तिरिक लेखा परिक्षण |
| आ.वि. | : | आधारभुत विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| गाविस | : | गाउँ विकास समिति |
| गा.पा. | : | गाउँपालिका |
| गाकापा | : | गाउँ कार्यपालिका |
| जिसस | : | जिल्ला समन्वय समिति |
| नपा | : | नगरपालिका |
| नकापा | : | नगर कार्यपालिका |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि | : | लिटर |
| व. नं. | : | वडा नम्वर |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |
| CBOs | : | Community Based Organisations |
| DRR | : | Disaster Risk Reduction |
| I/NGO | : | International/Non-Governmental Organization |
| O & M | : | Organization and Management |
| SWOT | : | Strength, Weakness, Opportunity and threats |
| SIP | : | School Improvement Plan |

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि :

नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त अधिकार एवं ऐनले तोके बमोजिम स्थानीय तहले पुरा गर्नुपर्ने योजना तर्जुमा सम्वन्धी जिम्मेवारी तथा अधिकारलाई समेत मनन् गरी यो योजना तर्जुमा गरिएको हो । स्थानीय तह संचालन सम्बन्धी संघीय कानून स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । योजना तर्जुमा सम्बन्धि यस अघि भए गरेका प्रयास एवं अभ्यास, विभिन्न कार्यविधि तथा निर्देशिका, हाल ऐन नियमले गरेका व्यवस्था तथा स्थानीय वस्तुस्थिति एवं आवश्यकताका आधारमा तोकिए बमोजिमको प्रकृया तथा ढाँचामा यो योजना तर्जुमा गरिएको छ । यो योजना तर्जुमा गर्दाका बखत स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना अनुसार नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित पक्षलाई समेत मनन् गरिएको छ । यसैगरी ऐन बमोजिम योजना बनाउँदा प्राथमिकता दिनु पर्ने तोकिएका विषयहरूमा समेत विशेष ध्यान दिईएको छ ।

गाउँपालिकाले आवधिक योजना तर्जुमा गर्नुपूर्व संघीय सरकारबाट नमूनाको रुपमा उपलब्ध गाउँ/नगर वस्तुगत विवरण तयारी स्तरीय कार्यविधि बमोजिम गाउँपालिकाको अधिकार क्षेत्र र आवश्यकताको आधारमा गाउँ वस्तुगत विवरण तयारी कार्यविधि स्वीकृत गरी सो बमोजिम विषयगत सूचना तथा श्रोत नक्शा समावेश गरी गाउँ वस्तुगत विवरण तयार समेत गरिएको छ । जुन आवधिक योजनाको प्रथम खण्डको रुपमा रहनेछ ।

वर्तमान परिस्थतिमा गाउँ विकासको प्रयास एवं प्रक्रियाहरुलाई व्यवस्थित ढंगबाट दिशानिर्देश गर्न एकीकृत स्वरुपको आवधिक योजना तर्जुमा गर्ने र सोको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा गर्ने सिलसिलामा गढी गाउँपालिकाको लागि यो योजनाको तर्जुमा गरिएको हो । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया पद्धती बमोजिम गाउँ सभा तथा कार्यपालिकाका निर्वाचित पदाधिकारी, कार्यालयका कर्मचारी, गाउँपालिकामा क्रियाशिल राजनीतिक दलहरू तथा अन्य सरोकारवालापक्षको सहभागिता सुनिश्चित गरिएको थियो । यस गढी गाउँपालिकाको विकासमा विभिन्न विषयगत क्षेत्रको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरी अवस्था सुधारका लागि दुरदृष्टि, लक्ष्य, क्षेत्रगत उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमहरु तर्जुमा गरिएको छ । यस योजनाले समग्र तथा योजनावद्ध विकासका लागि गर्नुपर्ने कार्यको मार्गदर्शन तथा अनुगमनको लागि आधार प्रदान गर्नुका साथै आगामी ५ वर्षका लागि  लक्ष्य किटान गरि त्यसका लागि श्रोत परिचालनको योजना समेत तय गर्नेछ । गाउँपालिकाको आगामी वर्षहरुको बार्षिक योजना तर्जुमाका दौरानमा यो आवधिक योजना महत्वपुण मार्गदर्शक सावित हुने विश्वास गरिएको छ ।

स्वीकृत कार्यविधि अनुसार गाउँपालिकाले तयार गरेको वस्तुगत विवरणको आधारमा गाउँ विकासको वर्तमान अवस्था, संभावना तथा समस्या विश्लेषण गरी गढी गाउँपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक योजना (२०७५/०७६-२०७९/८०) तर्जुमा गरिएको छ ।

## १.२ योजना तर्जुमाको उद्देश्य

गाउँपालिका क्षेत्रको समष्टीगत आर्थिक, सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरु निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरु पहिचान एवम् परिभाषित मार्गचित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँ/नगरपालिकालाई आफुले चाहेको गन्तव्य तर्फ विकासको गतिलाई डोऱ्याउने काम गर्दछ । गाउँपालिकाको

नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई गाउँपालिकाको एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक गाउँ विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरु देहायअनुसार छन् ।

- गाउँको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासकालागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखि विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- गाउँ विकास तथा श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी गाउँबासी तथा सरोकारवालाको चाहाना तथा सहभागितात्मक छलफलका आधारमा गाउँ विकासको खाका तयार गर्ने ।
- गाउँ विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने ।
- गाउँ विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरु तय गर्ने ।
- गाउँ विकास प्रयासहरुको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।

## १.३ कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान अन्तर्गत मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, स्थानीय तहको अधिकार, संघीय एवं प्रदेश कानून र नीति तथा तथा स्थानीय कानून र नीति बमोजम स्थानीय तहको विकासको मार्गचित्र निर्माण गरिनुपर्ने हुन्छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदनमा स्थानीय स्तरका आवधिक योजना र बार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरेको छ । स्थानीय शासन संचालन सम्बन्धी संघीय कानून, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/नगरपालिकाले आफ्नो अधिकार क्षेत्रको भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यस प्रकार योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा देहायअनुसार गर्नु पर्ने समेत व्यवस्था गरेको छ ।

- योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गर्नु पर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बृद्धिजिवि, विषयविज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनु पर्ने,
- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नु पर्ने,
- नेपाल सरकार र प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नु पर्ने,
- नेपाल सरकार वा प्रदेश सरकारको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा संभाव्य आयोजना संचालन तथा व्यवस्थापन गर्ने
- संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नु पर्ने
- स्थानीयस्तरका विकास आयोजनाहरुको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्ने

- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नु पर्ने र आफ्नो बार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनु पर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनु पर्ने
- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र कुनै पनि अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वयमा कार्य गर्नु पर्ने

संवैधानिक दायित्व तथा स्थानीय सरकार संचालन सम्बन्धी संघीय कानूनका अतिरिक्त स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा देहायअनुसार कानूनी तथा नीतिगत दस्तावेजहरुलाई आधार लिइएको छ :

- दिगो विकासका लक्ष्यहरू
- राष्ट्रिय भूउपयोग नीति, २०६९
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजनाबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- राष्ट्रिय, प्रादेशिक तथा जिल्लास्तरीय विषयगत गुरुयोजनाहरू

## १.४ आवधिक योजना तर्जुमा तथा प्रक्रिया

यस गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक योजना गाउँ कार्यपालिकाबाट तयार तथा स्वीकृत कार्यविधि बमोजिम देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरियो ।

### १.४.१ आवधिक योजना तर्जुमा कार्यविधि तयारी तथा स्विकृती

योजना तर्जुमाको पहिलो चरण अन्तर्गत विधायक समितिबाट पेश हुन आएको आवधिक योजना तर्जुमा कार्यविधि मस्यौदा गढी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी सोही कार्यविधि बमोजिम आवधिक योजना तर्जुमा गर्ने निर्णय गाउँ कार्यपालिकाले गरेको छ । यस क्रममा गाउँ कार्यपालिकाले विश्व खाद्य कार्यक्रम अन्तर्गत सामुदायिक विकास कार्यक्रम तथा अन्य सहयोगी साझेदारहरुको सहयोग तथा सहजीकरणमा आवधिक योजना तर्जुमा गर्ने कार्यपालिकाबाट निर्णय गरेको हो ।

### १.४.२ योजना तयारी कार्याशाला गोष्ठी

तोकिएको बमोजिमको ढाँचामा आवधिक योजना तर्जुमा गर्ने निर्णय बमोजिम गाउँपालिकाको आयोजना र सामुदायिक विकास कार्यक्रम अन्तर्गत विश्व खाद्य कार्यक्रमको प्राविधिक सहयोगमा २०७५ साल असार ३० र ३१ गते गाउँपालिकाको आयोजना र विश्व खाद्य कार्यक्रमको प्राविधिक सहयोगमा आवधिक योजना तर्जुमा अभिमुखीकरण तथा तयारी कार्यशाला सम्पन्न गरी योजना तर्जुमा कार्य अगाडि बढाइयो । कार्यशालामा विषयगत विज्ञको सहजीकरणमा दीर्घकालिन सोच, गाउँ विकासको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, संभावना तथा समस्या विश्लेषण, अग्रणी क्षेत्रहरु, योजनाको नतिजा तालिका, गाउँ विकासका प्रमुख तथा रणनीतिक कार्यहरुको मस्यौदा तयार गरिएको छ ।

### १.४.३ आधाररेखा सुचना तथा वस्तुस्थिति विश्लेषण

आवधिक योजना तर्जुमा कार्यमा सघाउने महत्वपूर्ण सूचनाको आधारको रुपमा रहेको गाउँपालिकाको वस्तुगत विवरणको तयारी सम्पन्न भएको थियो । डिजिटल डाटा समाबेश गरिएको उक्त वस्तुगत विवरण तयारीका लागि विश्व खाद्य कार्यक्रमको सहयोग गरेको थियो । वस्तुगत विवरणमा गाउँपालिकाको भौगोलिक तथा भौतिक अवस्थिति, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको अवस्था सहित विषयगत वस्तुस्थिति विवरण समावेश गरिएको छ । आवधिक योजना तर्जुमाको क्रममा प्रस्तुत गरिएको वस्तुगत विवरणमा प्राप्त सुझाव अनुसार थप उपयोगी हुने गरि तयार गरिएको छ । आवधिक योजना तर्जुमा प्रक्रियामा वस्तुगत विवरणको विश्लेषण एवं सहभागितामूलक छलफल गरी सरोकारवालाको नक्शाङ्कन, भूमिका तथा योगदानको लेखोजोखा समेत गरिएको थियो ।

### १.४.४ आवधिक योजना तर्जुमा गोष्ठी

आवधिक योजना तयारी कार्यशाला गोष्ठी तथा वडास्तरीय तथा लक्षित समूह परामर्श गोष्ठीबाट आएका सूचना तथा अपेक्षालाई विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा नतिजामूलक योजनाको स्तरीय ढाँचामा विषयगत रुपमा लिपिवद्ध गरी २०७५ साल असोज ९ र १० गते योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरियो । गाउँपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजक, गाउँ विकासका सरोकारवालाको सहभागिता र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न योजना तर्जुमा गोष्ठीमा गाउँ विकासको लक्ष्य, उदेश्य निर्धारण सहित नतिजा खाकामा ढाल्ने कार्य सम्पन्न गरियो ।

यस क्रममा सवै विषयक्षेत्रगत विकास अवधारणा, नतिजा खाका, कार्यनीति, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, आवश्यक श्रोत र अनुगमन तथा मूल्याङ्कन खाकामा सहमति गरिएको छ । यस चरणमा विगतका कार्यशालाहरुवाट प्राप्त उपलब्धी तथा सूचनाहरु समेतको सहयोग मार्फत योजना तर्जुमा भएको छ । गाउँपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न गाउँपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी आवधिक योजनाको प्रारम्भिक मस्यौदा तयार गरियो । योजनालाई बार्षिक योजना (बार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन, नजितामूलक अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारुप समेत तयार गरियो ।

### १.४.५ योजना दस्तावेज तयारी

योजना तर्जुमाका विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवं निचोडका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरियो । योजना दस्तावेज मुख्य चार परिच्छेदमा विभाजन गरिएको छ जसअनुसार परिचय, वस्तुस्थिति विश्लेषण, योजना अवधारणा तथा प्रारुप र कार्यान्वयन योजना रहेका छन् । सन्दर्भ सामग्रीको रुपमा विगतका योजना, साविकका गाविसहरुका आवधिक, एकीकृत तथा विषय क्षेत्रगत गुरुयोजनाको प्रारुपलाई उपयोग गरिएको छ । साथै योजनामा योजनाविद् तथा विषयविज्ञहरुको सुझाब लिई योजना तर्जुमा प्राविधिक सहयोग टोलीद्धारा आवधिक योजना दस्तावेज लेखन तथा दस्तावेज नतिजामूलक योजनाको ढाँचामा स्थानीय तहका अधिकार क्षेत्रका सवै विषय एवं प्राविधिक पक्षहरुलाई तार्किक र वस्तुनिस्ठ रुपमा प्रस्तुत गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरियो ।

### १.४.६ योजना प्रमाणिकरण कार्यशाला तथा अन्तिम दस्तावेज तयारी

दुई वटै चरणका योजना तर्जुमा गोष्ठीहरु सम्पन्न भई सकेपछि गोष्ठीबाट पारित भएको ढाँचा अनुसार सहभागितामूलक कार्यशाला तथा परामर्श, विषयविज्ञको सुझाब र परामर्शका आधारमा तयार गरेको योजनाको दस्तावेजलाई कार्यपालिका तथा गाउँसभा, स्थानीय तहका सरोकारवाला माझ २०७५ साल असोज ९ र १० गते प्रमाणीकरण कार्यशालाको आयोजना गरी प्रस्तुती, छलफल तथा सुझाव प्राप्त गरियो । प्रमाणीकरण कार्यशालामा विषयगत रुपमा समूहगत छलफल र परामर्श गरी समूहको निश्कर्ष तथा सुझावलाई वृहत समूहमा प्रस्तुत तथा छलफल गरी योजना तयार गरियो । यसरी कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी सम्बन्धित पक्षको राय सुझावको लागि छलफल तथा गोष्ठी राखी दस्तावेजलाई अन्तिम रुप दिईएको छ ।

### १.५ सिमा

गढी गाउँपालिकाको आवधिक योजना तर्जुमाको लागि संघिय मामिला तथा प्रशासन मंन्त्रालयबाट उपलब्ध स्थानीय तहको  वस्तुगत विवरण तयारी कार्यविधि व्यवस्था भए बमोजिमका तथ्याङ्कहरु र सहभागितामूलक कार्यशाला तथा छलफलबाट उपलब्ध तथ्यहरुको आधारमा विश्लेषण गरिएको छ ।

गापाको नेतृत्व र गाउँ विकासका सरोकारवालाको परामर्श एवं सहभागितामूलक छलफल विधिद्वारा तर्जुमा गरिएको आवधिक गाउँ विकास योजना स्थानीय तहको पुनसंरचनापछिको पहिलो आवधिक संक्रमणकालिन/अन्तरिम योजना हो । जनप्रतिनिधि वहाल भएको लामो अन्तरालमा तर्जुमा भएको यो योजना विगतको योजना तर्जुमाका अभ्यास तथा स्थानीय सरकार संचालन ऐन तथा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ मा समेत आधारित छ ।  योजनालाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउन अधिकतम प्रयास गरिएको छ। गाउँपालिकाको समग्र विकासमा स्थानीय तह, संघ तथा प्रदेश सरकारको साथै गैर सरकारी संघ/संस्था, सहकारी एवं स्थानीय समुदायमा संस्था र विकास साझेदारको सहयोगमा संभावित कार्यक्रमलाई पनि समाबेश गरिएको छ । गाँउपालिकाको आन्तरिक स्रोत, गाउँपालिकामा संघ तथा प्रदेशबाट प्राप्त हुने अन्तर सरकारी वित्तिय हस्तान्तरण तथा अन्य स्रोतबाट गरिने कार्यक्रमहरु आवधिक योजनासंग हरेक वर्ष तादाम्यता हुनु पर्नेछ। आबधिक योजना तर्जुमा गर्दा अर्न्तनिकाय योजनाको विचमा अन्तर सम्बन्ध कायम गर्ने प्रयास गरिएको छ ।

# परिच्छेद २
# वस्तुस्थिति विश्लेषण

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

यस गाउँपालिका साविकका औरावनी, छिटाह, मधेली र सत्तेरझोडा गरी ४ वटा गाविसहरु समायोजन गरी गठन गरिएको हो । ६ वटा वडा कायम भएको यस गाउँपालिकामा जम्मा ७६५७ घरधुरी एवं जनसंख्या ३५७३७ रहेको छ । जिल्लाको जिल्ला सदरमुकाम इनरुवा देखि करीब १८ किमिको दक्षिणमा रहेको यस गाउँपालिका कुल ६७.७ वर्ग कि.मि.मा फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा दुहवी नगरपालिका, पश्चिममा हरिनगरा गाउँपालिका, उत्तरमा ईटहरी उपमहानगरपालिका र ईनरुवा नगरपालिका एवं दक्षिणमा देवानगञ्ज र बर्जु गाउँपालिका रहेका छन् ।

समुन्द्री सतहदेखि १५२ मिटरबाट ९१४ मिटरसम्मको उचाई रहेको गढी गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २६ डिग्री २९ मिनेट ५४ सेकेण्ड देखि २६ डिग्री ३७ मिनेट ४९ सेकेण्ड उत्तरी अक्षांश र ८७ डिग्री ८ मिनेट ५६ सेकेण्ड देखि ८७ डिग्री १५ मिनेट ४५ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । वडा अनुसार गाउपालिकाको क्षेत्रफल यस अनुसार रहेको छ ।

### तालिका १: वडा अनुसार गाउँपालिकाको क्षेत्रफल

| वार्ड नं. | समावेस भएका साबिकका गाबिसहरु | क्षेत्रफल (बर्ग कि.मिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | मधेली (१-९) | १०.३६ | १५.३ |
| २ | औरावनी (१-९) | १७.६६ | २६.१ |
| ३ | छिटहा (१-४,७,८) | ११.२७ | १६.६ |
| ४ | छिटहा (५,६,९) | ९.२१ | १३.६ |
| ५ | सत्तेरझोरा (४-७) | ८.७१ | १२.९ |
| ६ | सत्तेरझोरा (१-३,८,९) | १०.४९ | १५.५ |
| जम्मा | | ६७.७० | १००.० |

*श्रोत: संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७४*

यस गाउँपालिकाको वडा नं. २ मा रहेको प्रशिद्ध गढी मन्दिरको नामबाट यस गाउँपालिकाको नाम रहन गएको हो । सुनसरी जिल्लामा विद्यमान २ उपमहानगरपालिका, ४ नगरपालिका र ७ गाउँपालिका गरी जम्मा १२ स्थानीय तह मध्ये गढी गाउँपालिका एक हो । गाउँपालिकाको केन्द्र साविक औरावनी गाविसको कार्यालय रहेको स्थानमा रहेको छ । पूर्ववत रुपमा नेपालको पुर्वाञ्चल विकास क्षेत्रमा पर्ने कोशी अञ्चलको सुनसरी जिल्लामा रहेको यो गाउँपालिका जिल्ला भित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि ६ निर्वाचन क्षेत्र रहेको भएता पनि प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएका ३ निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं. ३ मा पर्दछ ।

तराईको जिल्ला अन्तरगत रहेको यस क्षेत्रमा धरातलिय स्वरुपका हिसाबले गाउँपालिकाको सम्पूर्ण भूभाग समथर क्षेत्र रहेको छ । यस गाउँपालिकामा वसोवास योग्य क्षेत्र सहितको उर्वर खेतियोग्य जमिन रहेको छ । सामान्यतया: यस क्षेत्रमा बलौटे खालको माटो रहेको देखिन्छ ।अधिकांश घरपरिवार कृषिमा आश्रित रहेको र उपलव्ध खेतीयोग्य जमीनको करीव ८० प्रतिशत भूभागमा मुख्य रुपमा सुनसरी मोरङ्ग सिंचाई आयोजनाको सिंचाई पुगेको छ ।

गाउँपालिकाको कुल क्षेत्रको अधिकांश हिस्सा जमिन खेतियोग्य रहेको छ । कुल क्षेत्रफलको ९८.३६ प्रतिशत क्षेत्र खेती भूमी रहेको छ । वनक्षेत्रले ओगटेको भूमी अत्यन्त कम ०.००५ प्रतिशत रहेको छ । सिंचाइको मुख्य श्रोतको

रुपमा रहेको चतरा नहर र सुनसरी खोला बाट यस क्षेत्रको करीब ७५० हेक्टर जमिनमा सिंचाइ सेवा उपलब्ध रहेको छ ।

### तालिका २: भूमीको प्रकार अनुसारको क्षेत्रफल

| भूमीको प्रकार | क्षेत्रफल (बर्ग कि.मि. मा) | प्रतिशत |
|---|---|---|
| खाली जमिन | ०.०२ | ०.०३ |
| खेती गरिएको जमिन | ६६.५९ | ९८.३६ |
| जंगल | ०.००५ | ०.०१ |
| चरण क्षेत्र | ०.००० | ०.०० |
| बगैचा | ०.०२ | ०.०३ |
| ताल तलैया | ०.०२ | ०.०२ |
| सिमसार | ०.००४ | ०.०१ |
| खोला तथा पानीले ढागेको क्षेत्र | १.०४ | १.५४ |
| **जम्मा** | **६७.७०** | **१००.००** |

*श्रोत: स्थलरुप नक्सा, नापी विभाग तथा स्थानीय निकाय पुनसंरचना आयोगको प्रतिवेदन २०७४*

## २.२ विकासका लागि विगतका प्रयास र उपलब्धि

नेपालको संविधान २०७२ अनुसार नयाँ संरचना अनुसार २०७३ फाल्गुणमा स्थानीय तह लागू भए पश्चात् सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरु बहाल रहेका छन् । विगतका संक्रमणकालीन समयमा प्रभावकारी रुपमा आवधिक तथा नतिजामुखी योजनाहरुको अभावमा रहेको अवस्था एकातिर रहेको थियो भने अर्कोतिर वार्षिक योजनाहरुको समेत  नतिजामुलक अनुगमन मुल्यांकन गरी उपलब्धिको व्यवस्थित अभिलेखनको कार्य समेत आरम्भ भैनसकेको अवस्था रहेको पाईन्छ । यद्यपी विकासका लागि भएका प्रयत्न र त्यसबाट भएका उपलब्धि अनुमान गर्न सकिन्छ ।

## २.३ विषय क्षेत्रगत अवस्था विश्लेषण

यस खण्डमा गाउँपालिकाको समग्र विषयक्षेत्रगत अवस्था छलफल गरिएको छ। प्रमुख पाँच विषयक्षेत्रहरू: आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकासबारे सम्भावना तथा अवसर, समस्या तथा चुनौती र समाधानका उपाय तथा उपयोगका रणनीतिहरू छोटकरी देहाय अनुसार प्रस्तुत गरिएको छ।

### २.३.१ आर्थिक विकास :

यस गाउँपालिकामा मुख्यत: परम्परागत खेतीतर्फ धान, गहुँ, मकै खेती, आंशिक रुपमा आलु तथा मौसमी तरकारी खेती, आर्थिक विकासको प्रमुख साधनको रुपमा रहेको छ । आर्थिक विकास संभावनाका क्षेत्रहरु प्रचुर भएपनि आवश्यक व्यवसायिक ज्ञान तथा सूचनाको कमी, उन्नत मल विउको उपलव्धता, कर्जामा पहुँच कम, वजारउन्मुख खेती प्रणाली नहुनु मुख्य चुनौतीको रुपमा रहेको छ । गाँउवासीको प्रमुख पेशा कृषि भएतापनि अधिकांश कृषकहरू परम्परागत तौरतरिकामा नै सिमित रहेको हुँदा व्यवसायिक खेती प्रणालीको विकास हुन सकेको छैन ।

अधिकांश भूभागमा सिंचाई सुविधा पुगेको, ठूला वजार एवं औद्योगिक क्षेत्र अत्यन्त निकट रहेको कारणले कृषि एवं पशुपालनमा व्यवसायिक प्रणाली अपनाउन सकिने एवं व्यवसायिकतामा जोड दिन सकिने सम्भावना प्रसस्त रहेको छ ।

यस गाउँपालिका क्षेत्रमा धार्मिक पर्यटकीय महत्वको दृष्टिकोणले वडा नं. २ औरावनी स्थित गढीमाई मन्दिर, वडा नं. १ को गुठी, वडा नं. २, औरावनीको दुर्गाकाली मन्दिर, वडा नं. ५ को गढी थान लगायत स्थानीय भाषा, संस्कृती, भेषभुषा तथा जनजीवन लगायत पर्यापर्यटनका अनेकौ संम्भावना रहेको छ । पर्यटन पूर्वाधार, सूचना तथा प्रचारप्रसार र सम्बन्धित सेवा सुविधा लगायत पर्यटकीय सेवाहरुको व्यवस्थापनको कमीका कारण आन्तरिक तथा बाह्य पर्यटकहरूमा बृद्धि हुने सकेको छैन ।

गढी गाउँपालिकाको कृषि प्रसार तथा विकास, पर्यटन विकास र विस्तार, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, बैंक तथा वित्तिय सेवा सुविधा लगागत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको संभावना, समस्या तथा विकासका लागि अबलम्बन गर्नु रणनीति तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ३ : आर्थिक विकास (संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्था)

### क. कृषि विकासः

गाउँपालिका क्षेत्रमा प्रसस्त खेतीयोग्य जमीन भएको रहेको, भौगोलिक हिसावले विविधतायुक्त एवं व्यवसायिक तरकारी खेतीको संभावना रहेको छ । कृषकहरुको संलग्नता व्यवसायिकतातर्फ बढिरहेको संदर्भमा आवश्यक जनशक्तिको विकास, वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्नेजस्ता कार्य गर्न सकिने संभावना रहेको देखिन्छ । कृषि विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - अन्नवाली १२३९४७ कट्ठामा, दलहन बाली १४९४५ कट्ठामा र तेलहन २६०५ कट्ठा क्षेत्रफलमा उत्पादन हुने गरेको<br>- २८४ कट्ठा क्षेत्रफलमा तरकारी, २९ कट्ठामा फलफूल, २९१२ कट्ठा नगदेवाली एवं ६२६ वटा मौरीघारमा ति वस्तुहरुको उत्पादन हुने<br>- ५१८७ घरपरिवारलाई ९ महिना देखि १ वर्षसम्म आफ्नै उत्पादनले खान पुग्ने<br>- सडक, बजार र खाद्य वस्तुसँगको पहुँचमा वृद्धि भएको<br>- कृषियोग्य जमिन धान, गहुँ, मकै<br>- अधिकांश जमीनमा सिंचाई सुविधा पुगेको<br>- उत्पादकत्व संतोषजनक रहेको<br>- २५ वटा कृषक समूहहरु, १२ वटा व्यवसायिक कृषि फर्म, १३ वटा कृषि सहकारी र ७ वटा एग्रोभटहरु संचालनमा रहेको | - व्यवसायिक गतिविधिहरुको कमी<br>- कर्जाको लगानीमा कमी<br>- उन्नत प्रविधि र विउको अभाव, जैविक मलको अभाव<br>- जैविक विषादीको अभाव<br>- दक्ष जनशक्तीको अभाव<br>- आधुनिक खेती प्रणालीको अभाव<br>- कोल्ड स्टोरको अभाव<br>- कम्पोष्ट मलको प्रयोगको कमी | - भू उपयोग नीति अवलम्बन गर्ने<br>- व्यवसायिक बातावरण निर्माण गर्ने<br>- तरकारी र अन्नबालीको वीज वृद्धिका क्रियाकलाप संचालन गर्ने<br>- अर्गानिक खेतीलाई प्रोत्साहन गर्ने<br>- कृषि तथा पशु बिमाको व्यवस्था गर्ने<br>- कृषि तथा पशु प्राविधिक शिक्षाको व्यवस्था गर्ने<br>- कृषि बजार जस्तै हाट बजारको व्यवस्था गर्ने<br>- शीत भण्डारको व्यवस्था गर्ने<br>- खेती प्रणालीमा यान्त्रिकरण गर्ने<br>- कृषि थोक वजारसंग सम्बन्ध विकास गर्ने<br>- वजार संजालको विकास चक्लाबन्दीमा खेती गर्ने |

### ख. सिंचाई

यस गाउँपालिकामा चतरा नहर र सुनसरी खोलाबाट अधिकांश भूभागमा सिंचाइ सुविधा उपलब्ध रहेको छ । सिंचाई पूर्वाधार तथा आयोजना संचालनको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - वर्षैभरी र मौसमी गरी विभिन्न सिंचाई आयोजनाबाट करिब १८५० हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको | - मोटर बोरिङको पर्याप्त उपलब्ध नहुनु<br>- सिंचाई आयोजनाबाट निश्चित समयमा मात्र नहर संचालन हुनु<br>- विद्युत आपूर्तिमा नियमितता नहुनु | - बोरिङ जडानबाट सिंचाई सुविधा विस्तार गर्ने<br>- ज्वला खोलामा बाँध नियन्त्रण गरी सिंचाई सुविधा विस्तार गर्ने<br>- सुकमार, गढौन, थलाह, ढंगाह, टेंग्राह खोलाको पानी उपयोग गर्ने |

## ग. पशु विकास

पशुजन्य उत्पादनको वजारको प्रचुर सम्भावना रहेको भएतापनि उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ । पशु विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - ७६५७ घरपरिवार मध्ये ४०७६ घरपरिवारमा पशुपालन रहेको<br>- कम्तिमा पनि १०० वटा पोखरीहरुमा माछा उत्पादन भैरहेको<br>- १० वटा गाईभैंसीपालन फर्म, ७५ वटा कुखुरा फर्म, १० वटा व्यवसायिक बंगूर फर्म संचालन भैरहेको भैरहेको<br>- दैनिक दूध २००० लि. दुध उत्पादन भैरहेको<br>- करीव ४००० खसीबाखापालन भैरहेको<br>- व्यवसायिक पशु फार्म विकासका लागि वजार लगायतका पूर्वाधार रहेको<br>- ३ जना प्राविधिक जनशक्ति र कम्तिमा पनि २० जना ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता क्रियाशील रहेको | - विषयगत नीति योजनाको कमी<br>- चरणको कमी<br>- व्यवसायिक माछापालनको अभ्यास नभएको<br>- उन्नत पशुपालनको कमी<br>- व्यवसायिक ज्ञान तचा प्रविधिको कमी<br>- दुग्ध चिस्यान केन्द्रको अभाव<br>- पशु जन्य प्रदाथहरुको नियमन कार्यक्रम नभएको<br>- मासु प्रशोधनको अभाव | - पशुपालनका लागि आकर्षण, प्रोत्साहन तथा सहुलियत कार्यक्रम संचालन गर्ने<br>- चिस्यान केन्द्र स्थापना गर्ने<br>- माछापालनका लागि पोखरीहरु निर्माण तथा मर्मत गर्ने<br>- कृतिम गर्भाधानका क्रियाकलाप संचालन गर्ने<br>- पशुपालन सम्बन्धी क्षमता अभिवृद्धि गर्ने<br>- बधशालाको व्यवस्थाको साथै पशु स्वास्थ्य जाँच गर्ने<br>- दुग्ध प्रशोधन केन्द्र स्थापना गर्ने<br>- मासु प्रशोधनको स्थापना गर्ने |

## घ. उद्योग, व्यापार व्यवसाय

गाउँपालिकामा स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी संचालन गर्न सकिने संभावना रहेको देखिन्छ । निर्यातमुखी उद्योगको अभाव, बजार सञ्जाल विस्तार हुन नसक्नु, दक्ष जनशक्तिको अभावजस्ता समस्या देखिएतापनि उपलव्ध सम्भावना तथा अवसरहरुको उपयोग गर्न सकिने सम्भावना रहेको छ । उद्योग, व्यापार तथा व्यवसाय विकासको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - साना तथा मझौला खाद्यान्न मिल २०-२५ वटा संचालनमा रहेको<br>- चामल मिल ५ वटा रहेको<br>- तेल मिल २० वटा संचालनमा रहेको<br>- २ वटा ईंटा भट्टा संचालनमा रहेको | - मासु प्रशोधनको अभाव<br>- उद्यम तथा उत्पादनमुलक क्षेत्रमा लगानीको कमी<br>- उद्यमका लागि पर्याप्त | - उद्योगका लागि लगानी मैत्री नीति तथा कार्यक्रम संचालन गर्ने<br>- व्यवसायिकता सम्वन्धी क्षमता विकास कार्यक्रम संचालन गर्ने<br>- ठूला कृषि वजारसंग सहकार्य गर्ने गरी |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - ठूलो चाउ चाउ उद्योगको स्थापना भैरहको<br>- २००-२५० वटा खुद्रा किराना तथा साना होटल व्यवसाय संचालनमा रहेको<br>- सामान्य पूर्वाधारसहितको हाट वजार कम्तिमा १५ वटा संचालनमा रहेको | ज्ञान शिपको कमी | कृषि उपज संकलन केन्द्र स्थापना गर्ने<br>- बीउविजन प्रशोधन उद्योगको स्थापना गर्ने<br>- दुग्ध चिलिङ सेन्टरको स्थापना गर्ने |

### ङ. पर्यटन

यस क्षेत्रमा उपलव्ध सम्भावना तथा अवसरहरुको उपयोग गर्न सकिने सम्भावना, विद्यमान समस्या तथा चुनौति एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - वडा नं. २, औरावनी स्थित गढीमाई मन्दिर<br>- वडा नं. १ को गुठी, वडा नं. २<br>- औरावनीको दुर्गाकाली मन्दिर | - पर्यटन व्यवसाय नीति तथा योजनाको अभाव<br>- प्रचार प्रसार नभएको<br>- पर्यटन सम्बन्धी सुचना प्रणाली अभाव | - पर्यटन योजना बनाउने<br>- पुर्वाधारहरुको उपयुक्त व्यवस्थापन गर्ने<br>- रेडियो, पत्रपत्रिकाबाट प्रचार प्रसार गर्ने<br>- पिकनिक स्पटलाई थप व्यवस्थित गर्ने<br>- वडा नं. ५ को गढी थानमा पार्क स्थापना गर्ने |

### च. बैंक, वित्तीय तथा सहकारी

बैंक, वित्तिय सुविधा तथा सहकारीहरुको अवस्था विश्लेषण गर्दा उपलव्ध सम्भावना तथा अवसरहरुको उपयोग गर्न सकिने सम्भावना, विद्यमान समस्या तथा चुनौति एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - १ वाणिज्य बैंक सिद्धार्थ बैंक<br>- ५ वटा लघु वित्त वित्तीय संस्था<br>- ४ बचत तथा ऋण सहकारी<br>- १३ कृषि सहकारी<br>- १ दुग्ध सहकारी<br>- २५ कृषक समूह समुहहरु | - व्यवसायिक सोचको कमी<br>- सहकारीमा सवैको पहुचको कमी<br>- पुँजीको उत्पादनशिल क्षेत्रमा उपयोगको नहुनु<br>- सहकारी संस्थाको पर्याप्त क्षमताको कमी<br>- व्यवस्थापनको कमी | - वित्तिय संस्था स्थापनाका लागि नीति तथा पहल गर्ने<br>- सहकारी संचालनका लागि प्रभावकारी ऐन तथा नीति तर्जुमा गर्ने<br>- उत्पादनमुलक क्षेत्रमा लगानीका लागि नीति तथा कार्यक्रम संचालन गर्ने<br>- सहकारी संस्था क्षमता विकासका लागि कार्यक्रम संचालन गर्ने |

## २.३.२ सामाजिक विकास

यस क्षेत्रको योजनामा शिक्षा, स्वास्थ्य, कला, संस्कृति, लक्षित वर्ग, लैंगिकता, खानेपानी, सरसफाई जस्ता सामाजिक विषय शिर्षकहरुमा विश्लेषण गरि संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४ : सामाजिक विकास (संभावना, समस्या तथा आवश्यकता)**

### क. शिक्षा

गाउँपालिका क्षेत्रको शैक्षिक क्षेत्रको अवस्था विश्लेषण गर्दा विद्यालय एवं क्याम्पस, अध्ययनरत विद्यार्थीको संख्या तथा स्तर, शिक्षक विवरण र भौतिक संरचनाहरुको अवस्था, स्तर वृद्धिको संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| सामुदायिक मा.वि ४<br>संस्थागत मा.वि. ४<br>आधारभूत विद्यालय २०<br>संस्थागत विद्यालय ८<br>मदरसा २<br>बा.वि.के. ४५ ( सामुदायिक र विद्यालयमा) | - कक्षा कोठा तथा फर्निचरअपुग<br>- घेरा वेरा<br>- अपाङ्गमैत्री भवन<br>- बालमैत्री शौचालय<br>- फोहोर व्यवस्थापन कमी<br>- शैक्षिक तथा खेलकुद सामाग्रीको अभाव<br>- पुस्ताकलय तथा प्रयोगशाला को कमी<br>- आइ.सि.टि.को अभाव<br>- प्राविधिक शिक्षाको कमी<br>- विद्यालय भर्ना दरमा कमी<br>- विद्यालय नियमितता नहुने कक्षा छोडने<br>- शिक्षकको कक्षा कोठामा कमी<br>- विद्यालय समयमा शिक्षकले राजनिति नगर्नु<br>- विद्यालय व्यवस्थापन सकृयतामा कमी<br>- विद्यालय शान्ति क्षेत्र नीति कार्यन्वयन नहुनु<br>- विद्यालयमा दरवन्दीको अभाव<br>- दरवन्दी मिलानको कमी<br>- लामो समय सम्म एउटै विद्यालयमा रहनु | - भौतिक पूर्वाधारको व्यवस्थापन गर्नु पर्ने<br>- फर्निचर, शैक्षिक सामाग्री, खेलकुद सामाग्री र प्रयोगशालाको व्यवस्थापन<br>- बालमैत्री एंव अपाङ्गमैत्री शौचालय निमार्ण गर्नु पर्ने,<br>- फोहोर व्यवस्थीत गर्ने,<br>- आइ.सि.टि.व्यवस्थापन गर्ने,<br>- प्राविधिक शिक्षाको पूर्वाधार व्यवस्थापन गर्नु पर्ने,<br>- विद्यालय भर्ना दर वढाउन, विद्यालय व्यवस्थापन सकृय बनाउन, विद्यालय शान्ति क्षेत्र नीति कार्यन्वयन गर्न, विद्यालयमा दरवन्दी मिलानको लागि गढि गा.पा.को शिक्षा नीति बनाई कार्यान्वयन गर्नै<br>- हरेक बिद्यालयमा छात्रा शौचालन बनाउने । |

## ख. स्वास्थ्य

गाउँपालिका क्षेत्रको स्वास्थ्य अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - स्वास्थ्य चौकी ३ वटा<br>- प्रा.स्वा.के. १ वटा<br>- स्वास्थ्यकर्मी २७ जना<br>- म.स्वा.स्वयंसेवक ७९ | - सबैको लागि स्वास्थ्य<br>- अस्पताल विकास<br>- प्रजनन् स्वास्थ्य व्यवस्थापन तथा किसोर किसोरी शिक्षा<br>- पोषण व्यवस्थापन (बालबालिका)<br>- जेष्ठ नागरिक तथा अपांगता हरुको निःशुल्क स्वास्थ्य सेवा पुर्याउने<br>- निःशुल्क औषिधी व्यवस्थापन<br>- नसर्ने रोग (डायबेटिज, ब्लडप्रेसर, क्यान्सर, मुटु रोगी,) व्यवस्थापन<br>- सुर्तिजन्य पर्दाथ नियन्त्रण<br>- सेवा विस्तार (आँखा, कान, नाक र घांटी आदि) | - सामाजिक स्वास्थ्य बिमा कार्यक्रम<br>- कम्तिमा १५ शैयाको अस्पताल निर्माण तथा व्यवस्थापन गर्ने<br>- सबै स्वास्थ्यमा वर्थिंग सेन्टरको व्यवस्थापन गर्ने<br>- किसोर किसोरी शिक्षा तथा छात्राहरुको मासिकधर्मको बेला विद्यालयबाट निःशुल्क सेनिटरी प्याडको व्यवस्थापन<br>- सबै स्वा.संस्थामा ओ.टि.सी. सेन्टर निर्माण<br>- घरमै स्वास्थ्य सेवा पुर्याउने<br>- मागको आधारमा औषिधी व्यवस्थापन<br>- विशेषज्ञ सेवा व्यवस्थापन गर्ने<br>- सुर्तिजन्य पर्दाथ नियन्त्रण ऐन कार्यान्वयन गर्ने<br>- विभिन्न अस्पताल तथा संस्थासँग समन्वय र सहकार्य गरि कार्यान्वयन गर्ने |

## ग. खानेपानी/सरसफाई

गाउँपालिका क्षेत्रभित्रको खानेपानी सुविधा, शौचालयको अवस्था एवं फोहर व्यवस्थापनको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - खानेपानी टयांकी १<br>- टूवेल<br>- खुल्ला दिशा मुक्त क्षेत्र घोषणा | - सबै घरघुरीमा टूवेलको व्यवस्थापन नहुनु<br>- ट्यूवेलमा चौतालको अभाव<br>- सबै घरघुरीमा व्यवस्थित चर्पी नहुनु भएको चर्पी केहि घरधुरीमा प्रयोग नहुनु<br>- सार्वजनिक शौचालयको अभाव | - सबै घरघुरीमा चौताल सहितको टूवेल वा धारा सहितको टंयाकी व्यवस्थापन तथा पानी परिक्षण गर्ने<br>- पूर्ण सरसफाई नीति तथा कार्यक्रम तर्जुमा गरी कडाईको साथ कार्यान्वयन |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| | - सार्वजनिक स्थानहरुमा सरसफाईको कमी<br>- व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाईमा कमी<br>- ढलको व्यवस्थापन नहुनु<br>- फोहर व्यवस्थापनको उपयुक्त व्यवस्थापन नभएको<br>- पानी शुद्धिकरणको अभाव तथा पानी परिक्षण नभएको<br>- बाटोमा चौपाया तथा फोहर फाल्ने | गर्ने<br>- फोहर व्यवस्थापनको उपयुक्त व्यवस्थापन गर्ने<br>- सार्वजनिक स्थानमागाईवस्तु छाडा छोड्ने प्रचलनलाई नियन्त्रण र व्यवस्थापन गर्ने |

## घ. सामाजिक समावेशीकरण

गाउँपालिका क्षेत्रको सामाजिक विकास अन्तर्गत समावेशीकरण तथा सामाजिक सुरक्षा उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - सामाजिक विकास समिति,न्यायिक समिति,महिला, बालबालिका तथा समाज कल्याण इकाइ<br>- महिला समुह, आमा समुह,समिति,सस्थाहरु,<br>- दलित, जनजाति,पिछडा वर्ग, वाहुन क्षेत्री तथा गरिव समुदायका महिलाको उल्लेखिनिय उपस्थिति<br>- .१३०७७जना बालबालिका रहेको<br>- १० वटा बाल क्लवहरु<br>- ३२७ जनाअपाङ्गता भएको व्यक्ति<br>- अपाङ्गता भएको व्यक्तिले परिचय पत्र प्राप्त गरेको<br>- अपाङ्गता समन्वय समिति, अपाङ्गता भएको व्यक्तिहरुको समुह<br>- ६३९१ दलित समुदायका व्यक्तिहरु रहेका<br>- दलित संजाल<br>- पिछडा वर्गको कृषि, पशुपालन र व्यापारमा सहभागिता<br>- थारु, झागँड, राजवंशी, राई समुदायको बाहुल्यता रहेको<br>- एकल महिलाहरु रहेको छ ।<br>- २८८२ जना जेष्ठ नागरिक | - महिला हिंसा दिन प्रतिदिन वढ्दो<br>- आर्थिक तथा शैक्षिक अवस्थामा कमजोर<br>- किसोरीहरुको उमेर नपुगी विवाह<br>- उपयुक्त पोषण, स्वास्थ्य र शिक्षा बाट गरिव, दलित तथा अपाङ्गता भएका बालबालिकाहरु बञ्चित रहनु<br>- उमेर अनुसारको खेलकुदको वातावरण नहुनु<br>- बालविवाह, बालश्रम, बालयौन दुर्व्यवहार हुनु<br>- बालमैत्री भौतिक संरचना नहुनु<br>- विशेष परिस्थितिका अपाङ्गता भएको बालबालिकाहरु शिक्षा र स्वास्थ्य सेवा वाट वञ्चित<br>- अपाङ्गता भएको व्यक्तिहरुलाई हेर्ने दृष्टिकोण सकारात्मक नहुनु<br>- अपाङ्गता भएको व्यक्तिहरुको आर्थिक अवस्था कमजोर हुनु<br>- अपाङ्गतामैत्री भौतिक संरचना नहुनु<br>- सहायक सामग्रीको अभाव<br>- दलित समुदायमा शिक्षा स्वास्थ्यमा पहुचमा कमी<br>- आर्थिक, सामाजिक तथा सास्कृतिक अवस्था कमजोर<br>- दलित समुदायमा बालविवाह विकराल रहेको<br>- पुर्ख्यौली परम्परागत पेशामा निर्भर<br>- आर्थिक, सामाजिक, सास्कृतिक अवस्था कमजोर<br>- परम्परागत पेशामा निर्भर<br>- आर्थिक, सामाजिक, सास्कृतिक अवस्था कमजोर<br>- जातिय पहिचान लोप हुदै गरेको<br>- एकल महिलाहरु माथि हुने हिंसा | - मनोविमर्शकर्ताको निर्माण गर्ने<br>- समुह, समितिहरुको क्षमता अभिवृद्धि गर्ने<br>- महिला हिंसा न्यूनिकरण कोषको स्थापना गर्ने<br>- महिलाहरुको आर्थिक, सामाजिक, र सास्कृतिक सशक्तीकरण गर्ने<br>- सेवा केन्द्रको निर्माण गर्ने<br>- गैससहरु लगायतका सरोकारवालाहरुसंग सामाजिक विभेद बिरुद्ध सचेतना अभियानहरु संचालन गर्ने<br>- दाईजो/दहेज, वालविवाह लाई निरुत्साहित गर्न आदर्श विवाहहरु लाई आर्थिक प्रोत्साहन दिने<br>- क्षेत्रगत विषयलाइ प्रर्वद्धन गर्ने<br>- बालमैत्री स्थानिय शासन नीति अनुरुप योजना तर्जुमा गरि कार्यन्यन गर्ने<br>- बालविवाह अन्त्यका लागि नीति तथा योजना तर्जुमा गर्ने<br>- बाल विवाह गर्नेलाई दण्ड सजायको व्यवस्था गने<br>- महिला रोजगारी बृद्धिका लागि तालिमको व्यवस्था गर्ने<br>- अपाङ्गता भएको व्यक्तिहरुको आर्थिक, सामाजिक, सास्कृतिक सशक्तिकरण गर्न योजना तर्जुमा गरी कार्यान्वयन गर्ने<br>- अपाङ्गतामैत्री भौतिक संरचना निमार्ण<br>- अपाङ्गता भएको व्यक्तिहरुको अभिलेखिकरण अधावधीक गर्ने<br>- अपाङ्गताको स्तर छुट्टाई जीविकोपार्जनमा सहयोग गर्ने<br>- साहायक सामाग्रीको व्यवस्थापन<br>- आर्थिक, सामाजिक, सास्कृतिक सशक्तिकरण गर्न योजना तर्जुमा गरी कार्यान्वयन गर्ने<br>- बालविवाह अन्त्यका लागि सचेतना अभिवृद्धि गर्ने<br>- पुर्ख्यौली पेशालाई आधुनिकीकरण गर्ने<br>- आर्थिक, सामाजिक, सास्कृतिक सशक्तिकरण गर्न योजना तर्जुमा गरी कार्यान्वयन गर्ने<br>- आर्थिक, सामाजिक, सास्कृतिक सशक्तिकरण गर्न योजना तर्जुमा गरी कार्यान्वयन गर्ने<br>- एकल महिलाहरु आर्थिक, सामाजिक, सास्कृतिक |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| | - एकल महिलाहरु आर्थिक, सामाजिक, सास्कृतिक क्रियालापहरुबाट बंचित रहेको छ<br>- जेष्ठ नागरिकहरु स्वास्थ्य उपचार, हेरचारबाट बंचित | सशक्तीकरण गर्न विशेष किसिमको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने<br>- जेष्ठ नागरिकहरुको हेरचारको लागि प्रत्येक वडामा स्याहर केन्द्रको स्थापना<br>- जेष्ठ नागरिकहरु घरमै निशुल्क स्वास्थ्यको व्यवस्था |

**ङ कला, संस्कृति, शान्ति सुरक्षा, मेलमिलाप**

गाउँपालिका क्षेत्रको सामाजिक विकास अन्तर्गत कला सँस्कृति र मेलमिलाप उपक्षेत्रको अवस्था विश्लेषण गरी संभावना तथा अवसर, समस्या एवं सम्भावना/अवसर उपयोगको रणनीतिलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - ग्राम थान रहेको<br>- मठ मन्दिर, मस्जिद, चर्च रहेका<br>- जातीय पहिचान, आभुषण, परम्परागत नाचगानको प्रचुरता | - ग्राम थान, मठ मन्दिर, मस्जिद, चर्चहरु व्यवस्थित नरहेका<br>- जातीय पहिचान, आभुषण, परम्परागत नाचगानहरु लोपोन्मुख अवस्थामा रहेका | - जातीय पहिचान, आभुषण, परम्परागत नाचगानको पहिचान खुल्ने गरी संग्राहलय बनाउने र व्यवसायीकरण गर्ने |

## २.३.३ पूर्वाधार विकास

गाँउको समग्र विकासका लागि भौतिक तथा सार्वजनिक पूर्वाधारको आवश्यकता निर्विकल्प रुपमा रहेको हुन्छ । यसमा मूलतः बाटोघाटो, भवन, सिंचाई तथा नदी नियन्त्रण संरचना, सञ्चार प्रणाली, बैंक तथा वित्तिय संस्था आदि पर्दछन् । गाउँपालिका क्षेत्र भित्र करिब ६ किमी (इनरुवा सत्येरझोरा, छिटाहा, पुर्व कुसाहा कन्चनवारी विराटनगर सडक ४ कि.मी. र दुहवी ईनरुवा २ किमी) कालोपत्रे सडक रहेको र साना ठूला सवैखाले सवारीसाधन संचालन हुने गरेको छ । पक्की सडकदेखि देखि अन्य भागमा जाने सडक ग्राभेल, कच्ची तथा निर्माणाधिन रहेका छन् ।

गढी गाउँपालिकाको सडक तथा पुल, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, सञ्चार सम्बन्धी शिर्षकहरुमा विश्लेषण गरी संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ५ : पूर्वाधार विकास (संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्था)

**क. सडक, पुल तथा यातायात**

पूर्वाधार विकास अन्तरगत सडक तथा यातायात उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| **पक्की सडक**<br>- इनरुवा सत्तेरझोरा, छिटाहा, पुर्व कुसाहा कन्चनवारी विराटनगर सडक (४ कि.मी.)<br>- दुहवी - इनरुवा सडक २ कि.मी)<br>**ग्राभेल सडक**<br>- सत्तेरझोरा शकवारे हाट देखी थलहा हुदै औरावनी | - बाँकी खण्डमा पिच नभएको<br>- पानी निकास नभएको<br>- पुल सानो भएको<br>- ग्राभेल जिर्ण रहेको,<br>- मापदण्ड अनुसार | - बाँकी खण्ड कालो पत्रे गर्न संघीय सरकारसँग पैरवी गर्ने<br>- ३० कि.मि ग्राभेल सडक पिच गर्ने ( बार्षिक ६ कि.मि.)<br>- ६ वटा २ वा सो भन्दा बढी वडा जोडने वा छिमेकी गाउँपालिका |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| सडक (६ कि.मी.)<br>- सोमबारे हटिया देखी कोल्हरवा विद्यालय हुँदै थलाहा पुल सत्तेरझोरा छिटाहा सडक (४ कि.मि)<br>- गढी २ काली मन्दिर औराबनी देखि वडा नं. ५, ६ को कृषि सडकको पिच जोडने सडक (७ कि.मि.)<br>- सत्तेरझोरा कुशेश्वर खेरवार दक्षिण देवानगंज पक्की टोल सिनवारी सडक (५ कि.मी.)<br>- सत्तेरझोरा प्राथमीक स्वास्थ केन्द्र देखी गौतमपुर -हरीनगरा सडक (३ कि.मी.)<br>- सत्तेरझोरा नयाँ पुल (वनटुटा खोला), छिटाहा सडक (६ कि.मी.)<br>- औरावनी-बर्जु सडक (नहर डिल) (८ कि.मी.)<br>- गढी २ भमरी चोक देखी उत्तर मधेली-नरभासा सडक (६ कि.मी.)<br>- गढी २ भमरी चोक देखी दक्षिण छिटाहा यादव टोल/वि.पि. चोक हुदै वर्जु सडक (८ कि.मी.)<br>- इनरुवा ७ देखी लछमीनया हुदै जमुवा, झुन्की मधेली सडक (६ कि.मी.)<br>- गढी ४ धुराहा टोल देखी दिघिया मेला हुदै हरीनगर वर्जु सिमा सडक (३ कि.मी.)<br>- गढी ५ वाट सरस्वती आ.वि.गढी २ हुदै गढी १ जोडने सडक (७ कि.मी.)<br>- वडा नं ५ को एनसेल टावर देखी पक्षिम राजेन्द्र टोल इदगाहा हुदै बुधवारे हाट सडक (३ कि.मी.)<br>- वडा नं. ४ को धुराहाटोल (शिवमन्दिर) देखी पूर्व दक्षिण मेहताटोल हुँदै पूर्व नहर पारी ट्याङग्रा खोला सडक (३ कि.मि)<br>**पुल तथा कल्भर्ट**<br>- वडा नं. १ मा २ वटा, वडा नं. १ गडम पुल १ वटा, वडा नं. १, २ र ३ ट्याङग्रा पुल ३ वटा, वडा नं. २ मा ६ वटा,, वडा नं. ६ थलाहामा १ वटा गरी जम्मा १३ वटा पक्की पुल रहेको<br>- गाउँपालिका भरी .२९ वटा कल्भर्ट रहेको (वडा नं. १ मा ८, २ मा ३, ३ मा ६, ४ मा ५, ५ मा ६ र ६ मा २) | चौडा नभएको,<br>- सडकमा कल्भर्ट तथा नाला नभएको,<br>- यातायात सुचारु नभएको<br>- खोलामा स्पीड ब्रेकर नभएको<br>- सडक कटान भैरहेको<br>- रिटेनिङ वाल तथा पुल र सडकको संरक्षण नभएको | जोड्ने रणनीतिक सडकहरुलाई प्राथमिकता दिई पक्की गर्ने<br>- बाँकी ६ वटा सडकहरुमा पुल, कल्भर्ट र साइड नालासहित ग्राभेल व्यवस्थित गर्ने<br>- पुल तथा कल्भर्ट निर्माण गर्ने<br>- रिटेनिङ वाल र वायोइजिनियरङ गर्ने |

## ख. आवास, वस्ती भवन र बजार

पूर्वाधार विकास अन्तर्गत आवास, भवन तथा वस्ती विकास उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - गाउँपालिका तथा वडा नं. १, २, ३ र ६ वडा कार्यालय भवन रहेको<br>- वडा नम्बर १, २, ३ र ६ १-१ वटा कृषि बजार टहरा रहेको<br>- स्वास्थ्य संस्था भवन (वडा नं. १, २, ३ र ६ मा) रहेको<br>- वडा नं. १, २, ३ र ६ मा ४ वटा कृषि सेवा केन्द रहेको<br>- वडा नं. ३ मा १ वटा कृषि सेवा केन्द रहेको<br>- वडा नं. २, ३ र ६ मा गरी ३ वटा सामुदायिक भवन रहेको<br>- वडा नं. २ को ५० घरपरिवारमा जनता | - वडा नं. ४ र ५ मा वडा कार्यालय भवन तथा स्वास्थ्य संस्था भवन नभएको<br>- वडा नं. ३ बाहेक वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाह नभएको<br>- मुख्य गाउँवस्तीमा सामुदायिक भवन नभएको<br>- सरकारी तथा सामुदायिक भवनहरु भूकम्प प्रतिरोधी नभएको<br>- ७५ प्रतिशत आवासीय घरहरु भूकम्म प्रतिरोधी नभएको<br>- वस्तीहरुमा डुवानको समस्या रहेको<br>- थलाहा, ट्याङग्रा, गडन खोलाबाट वस्ती | - नक्शा पास अनिवार्य गर्ने<br>- भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी जानकारी र तालिम प्रदान गर्ने<br>- बाँध तथा चेकड्यामको व्यवस्था गर्ने |

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| आवास कार्यक्रम संचालन रहेको<br>- वडा नं. १ मा ८ वटा, २ मा १२ वटा, ३ मा ७ वटा, ४ मा ८ वटा, ५ मा ६ वटा र ६ मा ५ वटा गरी<br>- ४६ वटा मन्दिर<br>- | र जग्गा कटान भैरहेको<br>- वडा नं.२ र ३ मा खेलकुद स्टुडीयम नभएको | |

गाउँपालिकाका प्रमुख वस्तीहरू, जोखिम वस्ती तथा प्रमुख बजार केन्द्रहरू सम्बन्धी विवरण **अनुसूची २** मा उल्लेख गरिएको छ।

### ग. विद्युत तथा वैकल्पिक उर्जा

पूर्वाधार विकास अन्तरगत विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - ८५ प्रतिशत घरधुरीमा विद्युत सेवा उपलब्ध रहेको<br>- १ प्रतिशत घरधुरीमा सोलार प्रणाली उपलब्ध रहेको<br>- ५० घरधुरीमा वायोग्यास र ५० प्रतिशत घरधुरीमा एलपि ग्यास उपलब्ध रहेको<br>- ५० घरधुरीमा धुवारहित चुल्हो जडान भएको | - सवै घरधुरीमा विद्युत उपलब्ध नभएको<br>- वैकल्पिक उर्जा (सोलार, वायोग्यास र सुधारिएको चुल्हो) को विस्तार नभएको | - बाँकीस्थानमा विजुली लाइन विस्तार गर्ने<br>- वैकल्पिक उर्जाको विस्तार गर्ने |

### घ. सूचना, संचार र प्रविधि

पूर्वाधार विकास अन्तरगत सूचना तथा संचार प्रविधि उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| - गाउँपालिकाको वेवसाइट संचालनमा रहेको<br>- गाउँ कार्यपालिका कार्यालय र वडा कार्यालयमा इन्टरनेट र इमेल सुविधा उपलब्ध रहेको<br>- गाउँ कार्यपालिका कार्यालयमा CCTV को जडान र सर्तकता रहेको<br>- डिजिटल प्रोफाइल तयार भएको<br>- ९७ प्रतिशत घरधुरीमा मोवाइल फोन पहुँच रहेको<br>- गाउँपालिका क्षेत्रमा नेपाल टेलिकम र ल्र्याभी को नेटवर्क उपलब्ध रहेको<br>- गाउँपालिकाको गतिविधि र समाचार प्रकाशन र प्रसारण भैरहेको | - ल्याण्डलाइन टेलिफोन नभएको<br>- इन्टरनेटको क्षमता कमजोर रहेको<br>- नेपाल टेलिकमको नेटवक कमजोर रहेको<br>- गाउपालिकामा स्थानीय पत्रपत्रिका र एफएम स्टेशन नभएको<br>- स्थानीय राजपत्र प्रकाशन नभएको<br>- गाउँपालिकाको गतिविधि बुलेटिन प्रकाशन र प्रसारण नभएको<br>- स्थानीय प्रत्रकारहरु गापामा क्रियाशिल नभएको | - योजना, राजस्व, सम्पत्तीकर, जिन्सी तथा प्रोफाइल सम्बन्धी सफ्टवयर विकास गर्ने<br>- गढी विकास सन्देश बुलेटिन प्रकाशन र प्रसारण गर्ने<br>- पदाधिकारी तथा सेवाग्राही मिडिया संबाद संचालन गर्ने<br>- मिडियामा गाउँपालिको गतिविधि, प्रगति, उपलब्धी तथा असल अभ्यासहरुको प्रकाशन र प्रशारण गर्ने<br>- जनप्रतिनिधिलाई सूचना प्रविधिको प्रयोग बारे क्षमता विकास गर्ने |

## २.३.४ वातावरण तथा विपद

गढी गाँउपालिकाको वन तथा भुसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उपन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन सम्बन्धी शिर्षकहरुमा विश्लेषण गरि संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्थालाई देहाय बमोजिको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६ : वातावरण तथा विपद (संभावना, समस्या तथा गाँउवासीले चाहेको विकासको अवस्था)**

### क. बन र जैविक विविधता

वन, वातावरण तथा विपद व्यवस्थापन अन्तरगत वन तथा जैविक विविधता उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| संभावना तथा अवसर | समस्या तथा चुनौती | संभावना उपयोग रणनीति |
|---|---|---|
| | बार्षिक योजनामा आर्थिक विकास तथा आयमूलक क्षेत्रमा लगानी अनुपात | प्रतिशत | ६ | १५ | २० | | |
| | कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ७० | ३० | ३० | | |
| | समयमा सम्पन्न आयोजना/कार्यक्रमको अनुपात | प्रतिशत | ४० | ८० | १०० | | |
| | आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | १ | १० | २१ | | |
| | गाउँपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | १ | ५ | ७ | | |
| | समुदायस्तरको सहभागितामुलक योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व (महिला, दलित, जनजाति र बालबालिका) | प्रतिशत | ५० | ५५ | ६० | | |
| **क्र.सं.** | **प्रतिफल अनुसार प्रमुख आयोजना र कार्यक्रम** | | | | | | |
| १.१.१ | दस्तावेजको परिच्छेद ३ मा प्रस्तुत छ । | बजेट (रु. हजारमा) | | | | प्रगति तथा अनुगमन प्रतिवेदन | स्थानीय सरोकारवालाको प्रतिवद्धता र सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुने छ । |

## ३.५ नीति तथा कार्यनीति

दीर्घकालिन सोच तर्फ उन्मुख भई गढी विकासको समष्टिगत लक्ष्य तथा उद्देश्य हासिल गर्न गढी गाँउपालिकाको संस्थागत क्षमता विकास एवं सरोकारवालासँग समन्वय, सहकार्य र साझेदारी अभिबृद्धि गरी आवधिक योजनाको प्राथमिकता तथा रणनीति कार्यान्वयन गरिने छ । योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि विषयगत क्षेत्रगत रुपमा देहाअनुसारका नीति तथा कार्यनीतिहरू अबलम्बन गरी रणनीतिक कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिने छ ।

**असर १ (आर्थिक विकास) सँग सम्बन्धित नीति तथा कार्यनीतिहरु**

**प्रतिफल १.१ सँग सम्बन्धित (कृषि विकास)**

१. पकेटक्षेत्र विकास कार्यक्रमका लागि कम्तिमा पनि ३ विघा क्षेत्रफलमा व्यवसायिक तवरले खेती गर्न समूह, सहकारी एवं व्यवसायिक कृषि फर्मलाई प्रोत्साहन गरिने छ ।

२. कृषि उत्पादन वृद्धिका लागि उत्पादन सामग्री अनुदान, यान्त्रिकरण र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइने छ ।

३. सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा उन्नत प्रविधिको प्रसार, सिप हस्तान्तरण, क्षमता विकासद्धारा उत्पादन बृद्धि तथा व्यवसायिकतामा प्रवर्द्धन गरिने छ ।

४. कृषक समूह, कृषि सहकारी तथा निकटका वजार समितिसंगको सम्बन्ध विकास गरिने छ ।

५. स्थानीय भू-उपयोग प्रणालीलाई व्यवस्थित एवं प्रवर्द्धन गरी खेतीयोग्य जमीनको संरक्षण गरिने छ ।

६. जैविक मल तथा जैविक विषादीको प्रयोगलाई प्रोत्साहित गरिने छ ।

७. अर्गानिक तरकारी खेतीलाई प्रवर्द्धन गरिने छ ।

८. खाद्यान्न उत्पादनलाई वृद्धि गरी निर्यात परिमाणलाई वृद्धि गर्दै लगिने छ ।

९. उद्यमशिलता विकास तथा स्वरोजगार प्रवर्द्धनद्धारा कृषिमा यूवाहरुको आकर्षण बढाउने निति लिइने छ ।

१०. कृषि उपजको दीगो वजारका लागि वजार पूर्वाधारको विकास एवं अन्य वजारहरुसंगको सम्बन्ध विकास गरिने छ ।

**प्रतिफल १.२ सँग सम्बन्धित (सिंचाई)**

१. खाद्य तथा तरकारी उत्पादन बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सविधा विस्तार गर्दै जाने नीति लिइने छ ।

२. सम्भाब्यता हेरी बोरिङ/डिप बोरिङ सिंचाइ प्रणालीको विकासलाई जोड दिइने छ ।

३. सिंचाइ योजनाहरुको निर्माणका लागि लागि सिंचाइ उपभोक्ता समूह गठन एवं परिचालनका साथै गाउँपाालिका स्तरमा सिंचाइ विकास कोषको स्थापना गरिने छ ।

**प्रतिफल १.३ सँग सम्बन्धित (पशुपंक्षी पालन)**

१. पशुपंक्षीको नश्ल सुधार, कृत्रिम गर्भाधान, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपंछी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य उपजहरुको वजारीकरणका पक्षलाई एकीकृत गरी सञ्चालन गरिने छ ।

२. दूध, अण्डा, माछा, मासुको उत्पादकत्व वृद्धि गरी अन्य वजारमा निर्यात हुने परिमाण समेत वृद्धि गरिने छ।
३. कृषि तथा पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालीम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ।

**प्रतिफल १.४ सँग सम्बन्धित (पर्यटन)**

१. स्थानीय धार्मिक पर्यटकीयस्थलहरुको संरक्षण, सेवा तथा सुविधा विकास र विस्तार गरी पर्यटन विकास र प्रवर्द्धन गरिने छ।
२. पर्यटन विकासका लागि पिकनिक स्थल, पार्क आदिको निर्माण गरिने छ।
३. अन्य आवश्यक पर्यटकीय पूर्वाधारहरुको विकास गर्दै लगिने छ।
४. स्थानीय पर्यटक गन्तव्य, सेवा तथा सुविधाहरुको पर्याप्त प्रचार प्रसार गरिने छ र प्रवर्द्धनका लागि अन्य स्थानीय सरकारसँग सम्बन्धको विकास र विस्तार गरिने छ।

**प्रतिफल १.५ सँग सम्बन्धित (उद्योग तथा व्यापार विकास तथा प्रवर्द्धन)**

१. व्यवसाय सिर्जना, उद्यमशिलता विकास, प्रविधि हस्तान्तरण तथा बजारीकरणका लागि आवश्यक क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिने छ।
२. स्थानीय श्रम, सीप र प्रविधिमा आधारित उद्योग व्यवसायको स्थापना एवं संचालनलाई प्राथमिकता र प्रश्रय दिईनेछ।
३. स्थानीयस्तरमा उद्योग व्यवसायको प्रवर्द्धनका लागि व्यवसाय बजार सूचना, पूर्वाधार र संजाल विकास गरिने छ।

**प्रतिफल १.६ सँग सम्बन्धित (वैक तथा वित्तीय संस्था)**

१. सहकारीहरुको संस्थागत क्षमता सुदृढीकरणको माध्यमबाट सुशासन प्रवर्धन अभिबृद्धि गरिने छ।
२. सहकारीहरुबाट प्रदान गरिने सेवामा सबैको सुलभ पहुँचका निमित्त सहजीकरण गरिने छ।

**असर २ (सामाजिक विकास) सँग सम्बन्धित नीति तथा कार्यनीतिहरु**

**प्रतिफल २.१ (शैक्षिक विकास) संग सम्वन्धित**

१. विद्यालयका भौतिक पूर्वाधारको व्यवस्थापन गर्ने कार्य प्राथमिकताका साथ गरिने छ।
२. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न फर्निचर, शैक्षिक सामाग्री, खेलकुद सामग्री र प्रयोगशालाको व्यवस्थापनमा जोड दिईने छ।
३. प्राविधिक शिक्षाको पूर्वाधार व्यवस्थापन, विद्यालयको फोहर व्यवस्थापन, बालमैत्री, अपाङ्गमैत्री एवं छात्राहरुको प्रयोगको लागि बेग्लै शौचालय निमार्ण गर्ने जस्ता कार्यलाई विशेष महत्वका साथ कार्यान्वयन गरिने छ।,
४. विद्यालय भर्ना दर वढाउन, विद्यालय व्यवस्थापन सकृय बनाउन, विद्यालय शान्ति क्षेत्र नीति कार्यन्वयन गर्न, विद्यालयमा दरवन्दी मिलानको लागि गढि गा.पा.को शिक्षा नीति बनाई कार्यान्वयन गर्ने

५. स्थानीय स्तरको प्राविधिक शिक्षालयको ज्ञान, सीप उपयोग विद्यालय शिक्षासंग जोड्ने नीति लिइने छ ।
६. अनुगमन तथा मुल्यांकन पद्धतिमा बैज्ञानिक प्रणालीलाई प्रयोग गरिनेछ ।

**प्रतिफल २.२ (आधारभूत स्वास्थ्य) सँग सम्वन्धित**

१. घरमै स्वास्थ्य सेवा पुर्‍याउनका लागि स्वास्थ्य शिविर संचालन, सामाजिक स्वास्थ्य बिमा कार्यक्रम, मागको आधारमा औषधि व्यवस्थापन जस्ता कार्यक्रम संचालन गरिने छ ।
२. विशेषज्ञ सेवाका साथ गढी गापाभित्र कमीतमा १५ शैयाको अस्पताल निर्माण तथा व्यवस्थापन गरिने छ ।
३. सबै स्वास्थ्य केन्द्रमा वर्थिंग सेन्टरको व्यवस्थापन, ओ.टि.सी. सेन्टर निर्माण गरि संचालनमा ल्याईने छ ।
४. किशोर किशोरी शिक्षा तथा छात्राहरुको मासिकधर्मको बेला विद्यालयबाट निःशुल्क सेनिटरी प्याडको व्यवस्थापन गरिने छ ।
५. विभिन्न अस्पताल तथा संस्था लगायत अन्य सवै सरोकारवालाहरुसँगको समन्वय र सहकार्य गरिसुर्तिजन्य पर्दाथ नियन्त्रण ऐन कार्यान्वयन गरिने छ ।
६. सानो तथा गुणस्तरीय परिवारलाई प्रवर्द्धन गर्न जनसङ्ख्या, प्रजनन स्वास्थ्य र शिशु तथा बाल स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ ।
७. दक्ष स्वास्थ्य जनशक्ति योजना, उत्पादन, प्राप्ति, विकास तथा उपयोग गरिने छ ।
८. ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा सहज बनाईनेछ ।
९. सामाजिक स्वस्थ्य विमा मार्फत स्वास्थ्य माथिको पहुँचमा बृद्धि गरिने छ ।

**प्रतिफल २.३ (खानेपानी तथा सरसफाई) संग सम्वन्धित**

१. सबै घरघुरीमा चौताल सहितको टयूवेल वा धारा सहितको टंयाकी व्यवस्थापन तथा पानी परिक्षण गरी पिउनेपानीको व्यवस्थालाई कार्यान्वयनमा ल्याईने छ ।
२. पूर्ण सरसफाई नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ ।
३. फोहर व्यवस्थापनको उपयुक्त व्यवस्थापनका लागि जनचेतना अभिवृद्धिका साथै उपयुक्तस्थलको पहिचान गरि फोहर फालने निश्चित स्थान तोकिने छ ।
४. खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा गरिने छ ।
५. खानेपानी तथा सरसफाई क्षेत्रको दीगोपनाका लागि मर्मत संम्भारकोष व्यवस्थ सहित उपभोक्ता समितिको भूमिकालाई कृयाशिल गराई अपनत्व अभिवृद्धिका गरिने छ ।
६. बजार केन्द्रहरुमा सार्वजनिक शौचालय निर्माण गरिने छ ।

**प्रतिफल २.४ (लक्षित वर्ग तथा समावेशीकरण) संग सम्वन्धित**

१. महिला, आदिवासी जनजाति, दलित, अल्पसङ्ख्यक, विपन्न वर्गलाई सकारात्मक विभेद र अर्थपूर्ण सहभागिता तथा लक्षित कार्यक्रमहरु गरिने छन् ।
२. दाईजो/दहेज, वालविवाह लाई निरुत्साहित गर्न आदर्श विवाहहरुलाई आर्थिक प्रोत्साहन दिने कार्य अगाडी बढाईने छ ।

३. विपन्न तथा लक्षित वर्गको लागि संस्थागत संरचना र क्षमता विकास गरि महिला, दलित, वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिका आवश्यक अवसर र सुविधाको सुनिश्चिता गरिने छ।
४. पिछडावर्गको आर्थिक उत्थानका निमित्त पुर्ख्यौली पेशालाई आधुनिकीकरण गरी व्यवसायिकता विकास गरिने छ
५. बालमैत्री गाउँपालिकाको रुपमा स्थापित गर्न सबै क्षेत्रमा बाल सहभागिताको सुनिश्िनचितता, बालमैत्री पूर्वाधार निर्माण र बाल कल्याणकारी कोष स्थापना गरि बालमैत्री गाउँपालिका घोषणालाई सुनिश्चत गरिने छ।

**प्रतिफल २.५ (युवा तथा खेदकुद) संग सम्वन्धित**

१. युवाहरुलाई अनुकुलको रोजगारीका अवसर सृजना गर्न युवा स्वरोजगार कार्यक्रमलाई क्षमता विकास सहित स्वरोजगार र व्यवसायिक युवा प्रोत्साहन गरिने छ
२. लागु औषध नियन्त्रणका लागि युवामाफ चेतनामूलक कार्यक्रम संचालन गरिने छ।
३. युवा लक्षित लोकसेवा तयारी कक्षा संचालन गरिने छ।
४. सूचना व्यवस्थापन तथा युवामैत्री सूचना प्रणाली कार्यान्वयन गरिने छ।
५. कबर्डहल निर्माण, खेल मन्दिर निर्माण, खेलकुद सामग्री व्यवस्थापन जस्ता क्रियाकलापहरुको माध्यमबाट खेलकुद विकासको गतिलाई टेवा पुर्याईने छ।
६. यस गाउँपालिका भित्र स्थापना भई संचालन हुने उद्योगहरुमा स्थानीय युवालाई रोजगारीको लागि पहिलो प्राथमिकता दिने नीति अवलम्वन गरिने छ।

**प्रतिफल २.६ (कला, सँस्कृति तथा भाषा) संग सम्वन्धित**

१. धार्मिक पुरातात्विक सम्पदा पहिचान गरि संरक्षण, प्रर्वद्धन र प्रचार प्रसार गर्न विशेष कार्यक्रम संचालन गरिने छ।
२. स्थानीय मौलिक स्थानीय कला, संस्कृति, सम्पदा संरक्षण र प्रवर्द्धन गर्न संग्राहलय स्थापनालाई प्रदेश तथा संघीय निकायसँगको सहकार्यमा सुनिश्चित गरिने छ।
३. सामाजिक सद्भाव अभिबृद्धिका लागी अन्तर भाषा, भेष, धर्म र साँस्कृतिक सम्मेलन तथा महोत्सवहरु आयोजना गरिने छ।

**पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यनीतिहरु**

**प्रतिफल ३.१ (सडक, पुल तथा यातायातसँग सम्बन्धित)**

१. भवन तथा संरचना निर्माण कार्यमा कम्तिमा १५ प्रतिशत र ग्राभेल तथा माटोको कार्यमा कम्तिमा २० प्रतिशत नगद, श्रम र सामग्रीको योगदान अनिवार्य जुटाई आम उपभोक्ताको (लागत) सहभागितामा आयोजना संचालन गरिनेछ।
२. गाउँपालिका यातायात गुरुयोजना तर्जुमा गरी सोको प्राथमिकता अनुसार सडक (पिच, ग्राभेल, नयाँ निर्माण) निर्माण गरी यातायात सूचारु गरिनेछ।

३. रु. १० लाख कम लागतका आयोजना तथा कार्यक्रमहरु आम उपभोक्ताको भेलाबाट उपभोक्ता समिति गठन गरी कार्यान्वयन गरिनेछ ।

४. रु. १० लाखभन्दा बढी लागतका आयोजनाको आवश्यकता अनुसार सडक, पुल, भवन, सिंचाइ र खानेपानीका आयोजना निर्माण गर्नुपूर्व आयोजनाको विस्तृत सर्वेक्षण एवं विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी आयोजना स्वीकृती, बजेट विनियोजन गरी आयोजना कार्यक्रम गरिनेछ ।

५. उपभोक्ता समितिलाई आयोजनको प्राविधिक पक्ष (डिजाइन, इष्टिमेट, मापदण्ड, मर्मतसंभार आदी) र व्यवस्थापकीय पक्ष (उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाँड, रकम निकासा, कार्ययोजना, सार्वजनिक परीक्षण तथा फरफारक आदी) विषयमा तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरिनेछ।

६. गाउँपालिकाबाट सडक तथा भवनसम्बन्धी मापदण्ड तयार तथा स्वीकृत गरी सो अनुसार सडक चौडा गरिनेछ तथा भवन निर्माणलाई नियमन गरिनेछ ।

७. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधिलाई समयानुसार अद्यावधिक तथा परिमार्जन गरी सो अनुसार उपभोक्ता समितिद्धारा आयोजना कार्यान्वयन गरिनेछ ।

८. अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, संचारकर्मी तथा स्थानीय समुदायको सहभागितामा आयोजनाको नियमित स्थलगत अनुगमन तथा प्रगतिको लेखाजोखा गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरिनेछ ।

९. आयोजना कार्यान्वयन गर्दा आयोजना मितव्ययी, समुदायको सहभागिता र प्रभावकारिता बृद्धि हुने भएको अवस्थामा मात्र उपभोक्ता समितिबाट आयोजना संचालन गर्न प्राथमिकता दिइनेछ ।

१०. आयोजनाको सञ्चालनको अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज संस्थाको सहजीकरणमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारिता र जवाफदेहीता अभिवृद्धि गरिनेछ ।

११. ७५ लाख भन्दा बढी लागतको आयोजनाहरुका स्वतन्त्र पक्ष वा तेश्रो पक्षबाट सामाजिक परीक्षण तथा प्रभाव मूल्याङ्कन गरिनेछ ।

१२. टोल विकास संस्था तथा स्थानीय समुदायको सहभागितामा सडक अधिकार क्षेत्रको अतिक्रमण हटाई सडक सुरक्षा र सुचारु गरिनेछ ।

**प्रतिफल ३.२ सँग सम्बन्धित (आवास तथा वस्ती र भवन)**

१. सडक अधिकार क्षेत्र, भवनको मापदण्ड तयार गरी गाउँवासीलाई जानकारी दिई सोको परिपालना अभिबृद्धि गरिने छ ।

२. संघीय तथा प्रदेश नीति र मापदण्ड बमोजिम बजार, आवास, भवन तथा सडक अधिकार क्षेत्रको मापदण्ड तयार गरी लागू गरिनेछ ।

३. भुकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तथा मापदण्ड, सडक अधिकार क्षेत्र वारे गाउँपालिकाबासीलाई जानकारी गरिनेछ ।

४. गाउँपालिकामा भित्र नयाँ बन्ने नीजि तथा सरकारी भवनको नक्शा अनिवार्य गरिने छ ।

५. वाँध, स्पर तथा नालाको निर्माण गरी जोखिममा रहेका वस्ती, पूर्वाधारहरुको संरक्षण र सुरक्षाको व्यवस्था गरिनेछ ।

६. निर्धारित सडक अधिकार क्षेत्र र मापदण्ड अनुसार आवास र भवन निर्माण सम्बन्धी व्यवस्था लागू गरिनेछ ।
७. ऐलानी जग्गामा बसोबास तथा सुकुम्बासी व्यवस्थापन बारे कानूनी तथा नीतिगत व्यवस्थाको लागि नेपाल सरकारसँग पैरबी गरिनेछ ।
८. छिमेकी स्थानीय तहसंग समन्वय गरी डम्पिङ साइट निर्माणको लागि पहल गरिनेछ ।

**प्रतिफल ३.३ सँग सम्बन्धित (विद्युत र वैकल्पिक उर्जा)**

१. गैसस र टोल विकास संस्था परिचालन गरी विद्युत तथा वैकल्पिक उर्जाको प्रवर्धन र विस्तार गरिनेछ ।
२. स्थानीय समुदाय तथा टोल विकास संस्था परिचालन गरि विद्युत चोरी नियन्त्रणमा परिचालन गरिनेछ ।
३. विद्युत लाइनको क्षमता बृद्धि गर्न, पुराना पोल तथा लाईन विस्थापन गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ ।
४. फिलामेण्ट बल्बलाई सिएफएल र एलइडी बत्तीले विस्थापन गर्नका लागि जानकारी तथा चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

**प्रतिफल ३.४ सँग सम्बन्धित (सूचना तथा संचार प्रविधिसँग सम्बन्धित)**

१. विद्युतीय हाजिरी, ग्रुप एसएमएस, इन्ट्रानेट, इन्टरनेट जस्ता सूचना प्रविधि प्रवर्धन गरी सेवा प्रवाह प्रवाहलाई चुस्त बनाइनेछ ।
२. गाउँपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधा, प्रगति विवरण, सफल अभ्यास, सेवा प्रवाहको स्तर र नागरिक सन्तुष्टी सम्बन्धी सूचना तथा विवरण प्रकाशन र प्रसारणकोलागि स्थानीय मिडियाको परिचालन गरिने छ ।
३. वडा कार्यालयमा एकीकृत सेवा प्रवाहसँगै ऋऋत्ख क्यामेरा क्रमशः सवै वडा कार्यालयमहरु पनि विस्तार गरिने छ ।
४. स्थानीय मिडियाहरुलाई वर्गीकरण तथा सूचीकृत गरी गाउँपालिकाको सूचना प्रवाह, प्रकाशन तथा प्रसारणलागि परिचालन गरिने छ ।
५. वडा कार्यालयमा इन्टेरनेट र इमेल प्रणालीको गुणस्तरमा सुधार गरिने छ ।

**असर ४ सँग सम्बन्धित**

**प्रतिफल ४.१ (वन तथा जैविक विविधता) संग सम्वन्धित**

१. वन क्षेत्रको विकासका निमित्त सार्बजनिक जग्गा उपयोग तथा कर सम्बन्धि निति निर्माण तथा कार्यन्वयन गरिने छ ।
२. सार्बजनिक जग्गा, बाटोको छेउमा बृक्षारोपण गर्ने तथा निजी नर्सरी निर्माणलाई प्रोत्साहन गरिने छ ।
३. गुगलअर्थ, भौगोलिक सूचना प्रणाली र जोखिम नक्सा तथा भूक्षय, पहिरो विश्लेषणजस्ता विधिहरूको प्रयोग गरी प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी बनाइने छ ।

**प्रतिफल ४.२ सँग सम्बन्धित (जलाधार तथाभुमि संरक्षण)**

- भू-उपयोग नीति अनुसार जग्गाउपयोग (कृषि,आवास क्षेत्र, व्यापारिक, औधोगिक)गर्न प्रोत्साहित गरिने छ ।
- सार्वजनिक स्थलमा रहेका गापाको क्षेत्रधिकार भित्र पर्ने ताल, पोखरी, दह, आदि जस्ता प्राकृतिकश्रोत सम्पदाको संरक्षण र पर्वद्धनगर्दै गा.पा र वडाकार्यालयको आर्थिक श्रोतको वृद्धि र विकास गरिने छ ।

- सार्वजनिक पोखरी तथा जग्गामा व्यावसायिक माछापालन गरिने छ। यसका लागि निजि तथा सार्वजनिक साझेदारी अनुसार कार्यक्रम संचालन गरिने छ।
- जमिनको उपयोगिताको आधारमाभू–उपयोग निति निर्धारण गरिनेछ।
- भुक्षय तथा नदी कटान क्षेत्र मापन गरी तटवन्द निर्माण गरिने छ।

**प्रतिफल ४.३ (वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन) संग सम्वन्धित**

१. वातावरणीय चेतना, वातावरण मैत्री संरचना निर्माण, एक घर एक वगैचा र सावधानी अपनाउने कार्यक्रम सञ्चालन गरिने छ।

२. डम्पिङसाइट तथा फोहार प्रशोधनको लागि सम्बन्धित संस्थाहरुसंग साझेदारी गर्ने एवं सरकारी तथा गैर सरकारी तथा विकास साझेदारको श्रोत परिचालन गर्ने।

३. स्थानीय जलवायु अनुकुलन कार्ययोजना तर्जुमा गरी जलवायु परिवर्तन अनुकुलतामा समुदायलाई परिचालन गर्ने नीति लिईने छ।

**प्रतिफल ४.४ (विपद व्यवस्थापन) संग सम्वन्धित**

१. एकिकृत बस्ति सम्बन्धि निति निर्माण र बर्गिकरण गरि सुरक्षित आवास, दिगो पूर्वाधार विकास र वातावरण संरक्षण तथा विपद् जोखिम न्युनीकरण गरिने छ।

२. सुरक्षित स्थानको पहिचान गर्ने, स्वयंसेवकको तयारी गर्ने एवं सूचना केन्द्रको स्थापना गरी विपद जोखिम न्युनिकरण कार्यमा एवं स्थानीय समुदाय समेतलाई परिचालन गर्ने नीति लिइने छ।

३. विपद कोषको स्थापना गरिने छ।

४. सरकारी तथा गैर सरकारी तथा विकास साझेदारको श्रोत परिचालन गर्ने।

**असर ५ सँग सम्बन्धित**

**प्रतिफल ५.१ (स्थानीय कानून, नीति तर्जुमा र पालना अभिबृद्धि) सँग सम्बन्धित**

१. संवैधानिक व्यवस्था र कानूनी व्यवस्था अनुसार स्थानीय कानून तथा नीति तर्जुमा गर्न विधायक समितिको गठन एवं क्रियाशिल वृद्धि गरिने छ।
२. संघीय शासन व्यवस्था अनुसार स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्रका विषयहरुमा कानून तथा नीति तर्जुमा गरिने छ।
३. गाउँपालिकाको नागरिकप्रतिको जवाफदेहिता अभिबृद्धि तथा तर्जुमा गरिएका स्थानीय कानून तथा नीतिको पालानाको लागि सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण, सहभागितामूलक अनुगमन, सामाजिक परीक्षण, सेवाग्राहीको अभिमत सर्वेक्षण, क्षतिपूर्तीसहितको वडापत्र जस्ता औजारको अभ्यासमा बृद्धि गरिने छ।
४. सेवाग्राही तथा जनसमुदायबाट आएका गुनासाहरुको सम्बोधन तथा पृष्ठपोषणको व्यवस्था गरिने छ।
५. गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई सहज र छिटोछरितो बनाउन सुचना डेक्स तथा सूचना प्रविधिमैत्री प्रणालीको प्रयोगमा बृद्धि गरिने छ।

**प्रतिफल ५.२ (संस्थागत क्षमता तथा मानव संशाधन विकास) सँग संबन्धित**

१. गाउँपालिका तथा वडा कार्यालयको विद्यमान संगठनात्मक क्षमताको अध्ययन गरी सो अनुसार संस्थागत क्षमता अभिबृद्धि गरिने छ।

२. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा कार्यवोझ विश्लेषण गरी कर्मचारी दरबन्दी र कार्यविवरण तयार गरिने छ।

३. तालिम, अध्ययन तथा अवलोकन, अन्तरक्रिया तथा कार्यशालाको माध्यमबाट गाउँपालिका, सेवा प्रदायक र सेवाग्राहीको क्षमता अभिबृद्धि गरिने छ।

४. वडास्तरमा सेवा प्रवाहलाई व्यवस्थित, प्रभावकारी तथा सूचना प्रविधिमैत्री बनाउन वडा कार्यालयहरुमा इमेल, इन्टरनेट लगायत सफ्टवयर प्रणालीको स्थापना तथा संचालन गरिने छ।

५. जनप्रतिनिधि, कर्मचारी तथा नागरिक समाज संस्थाहरुको क्षमता अभिवृद्धिलागि संघीय तथा प्रदेश सरकार र विकास साझेदार निकायसँग समन्वय र सहकार्य गरिने छ।

६. कार्यसम्पादन सूचक तयार गरी कर्मचारी, उपभोक्ता समिति, समुदायमा आधारित संस्थाहरुसँग कार्यसम्पादन करार गरी पुरस्कार र दण्डको व्यवस्था गरिने छ।

**प्रतिफल ५.३ (आन्तरिक तथा वाह्य श्रोत परिचालन) सँग सम्बन्धित**

१. गाउँपालिकाको आन्तरिक श्रोतको दायरालाई फराकिलो बनाउन राजस्व संभाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ।

२. गाउँपालिकाभित्र ठूला, मझौला तथा साना उद्योगको स्थापनाकालागि प्रोत्साहनपूर्णनीति अवलम्बन गरिने छ।

३. गापाको आन्तरिक आय बृद्धिका लागि आयआर्जनका क्रियाकलापलाई जोड दिईने छ।

४. राजस्व प्रशासनलाई प्रभावकारी बनाईने छ।

५. संघीय तथा प्रदेश सरकार र स्थानीय सरोकारवालाहरुसँग समन्वय, सहकार्य एवं साझेदारी अभिबृद्धि राजस्व तथा स्रोत परिचालन गरिने छ ।

**प्रतिफल ५.४ सँग (नतिजामूलक तथा प्रभावकारी योजना तर्जुमा, कार्यान्वियन तथा अनुगमन) सम्बन्धित**

१. सूचना प्रविधिको प्रयोग गरी गाउँ वस्तुगत विवरणलाई आवधिक रुपमा अद्यावधिक गरी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा उपयोग गरिने छ।

२. गाउँपालिकाको सहभागितामूलक योजना तर्जुमा, निर्णय र अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा लक्षित वर्ग तथा समुदायलाई संलग्न गाउँपालिकाको समुदाय प्रतिको जवाफदेहिता अभिबृद्धि गरिने छ।

३. नतिजामूलक योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको लागि संस्थागत संयन्त्र तथा संरचना तयार गरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा समीक्षा र प्रतिवेदनलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ। लाई योजना तजुमा दिगो र दरिलो वनाउन समयन्त्र वनाइने छ।

४. उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी, उपभोक्ता समिति तथा नागरिक समाज संस्थालाई प्रोत्साहन गरिने छ।

# परिच्छेद ४
# कार्यान्वयन योजना

## ४.१ स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक योजना नतिजा तालिका अनुसार तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाको आन्तरिक श्रोत तथा राजस्व बाँडबाँडको रकम, अन्तरसरकारी वित्तीय हस्तान्तरण, गैसस तथा समुदायमा आधारित सस्था र समुदाय एवं निजी क्षेत्र, प्रदेश सरकार तथा संघीय सरकारको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ । योजनाको लागि संभाव्य श्रोत तथा सो को प्रक्षेपण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### तालिका ९ : प्रक्षेपण गरिएको आवधिक बार्षिक बजेट

| बजेटका श्रोतहरु | वार्षिक प्रक्षेपण (आर्थिक बर्ष अनुसार रकम रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | कूल |
| गाउँपालिकाको बार्षिक आन्तरिक आय रकम (हजारमा) | ५५०० | ६६०० | १५००० | १८००० | २०००० | ६५१०० |
| संघीय सरकारबाट राजस्व बाँडबाँड प्राप्त रकम | ६०००० | ६९००० | ७५००० | ८६२५० | ९०००० | ३८०२५० |
| प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम | ४६०० | ५५२० | १०००० | १२००० | २०००० | ५२१२० |
| वित्तिय समानिकरण | ११६५०० | १३९८०० | १५०००० | १७२५०० | २००००० | ७७८८०० |
| शसर्त अनुदान | १०९५०० | १३१४०० | १५०००० | १८०००० | २००००० | ७७०९०० |
| विशेष अनुदान | ० | ५००० | ८००० | १०००० | १५००० | ३८००० |
| समपुरक अनुदान | ० | १०००० | १५००० | १८००० | २०००० | ६३००० |
| गैसस, अगैसस, विकास साझेदारबाट संचालित आयोजना/कार्यक्रमबाट लगानी रकम (हजारमा) | २००० | २४०० | ५००० | ६००० | १०००० | २५४०० |
| समुदायको लगानी तथा योगदान रकम (हजारमा) | २५००० | २८७५० | ३०००० | २२००० | ४०००० | १४५७५० |
| नीजि क्षेत्रको लगानी (हजारमा) | १००० | १५०० | ३००० | ३६०० | ५००० | १४१०० |
| **जम्मा** | **३२४१००** | **३९९९७०** | **४६१०००** | **५२८३५०** | **६२००००** | **२३३३४२०** |

## ४.२ कार्यक्रम तथा योजना

आवधिक योजनाको लक्ष्य प्राप्तीको लागि संचालन गर्ने विषयगत कार्यक्रम तथा योजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यविभाजन देहायबमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका १०: आवधिक योजनाको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि तय गरिएका कार्यक्रम तथा योजना

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| **१. आर्थिक विकास** | | | | | |
| **प्रतिफल १.१ कृषि उत्पादन व्यवसायीकरण तथा विविधिकरण भएको हुने छ।** | | | | | |
| १.५.१ व्यवसायिक तरकारी उत्पादनका लागि उत्पादन पकेट कार्यक्रम संचालन | हे. | १५ | ३० | ९००० | प्रत्येक वडामा २/२ वटा कृषक समूह, सहकारी वा व्यवसायिक कृषि फर्महरु मार्फत |
| १.५.२ व्यवसायिक आलु खेती कार्यक्रम | हे. | १५० | ३०० | ६००० | कम्तिमा पनि १० विघामा खेती हुनेगरी कृषक समूह, सहकारी मार्फत सबै वडामा |
| १.५.३ युवा लक्षित च्याउ खेती कार्यक्रम | संख्या | ० | १५० | ७५० | वडा १ देखि ६ का ईच्छुक युवा |
| १.५.४ व्यवसायिक खाद्यान्न उत्पादनका लागि उन्नत वीउ उत्पादन कार्यक्रम | हे. | ० | ६० | ३०० | सबै वडा (कृषि सहकारी मार्फत धान र गहुँको) |
| १.५.५ माटो परीक्षण प्रयोगशाला स्थापना एवं संचालन | संख्या | ० | १ | १५०० | वडा नं. २, औरावनी |
| १.५.६ सहकारी मार्फत जैविक मल तथा विषादी उत्पादन तथा विक्री वितरण कार्यक्रम | संख्या | ० | १ | ३००० | वडा नं. २, औरावनी |
| १.५.७ कृषि विमा सम्बन्धी चेतना एवं सहयोग | संख्या | ० | १ | ५००० | सबै वडा |
| १.५.८ अर्गानिक तरकारी खेतीको क्षेत्र घोषणा एवं सहयोग | हे. | ० | ५० | ५००० | सबै वडामा कृषक समूह, सहकारी वा व्यवसायिक कृषि फर्महरु मार्फत |
| १.५.९ उत्पादन कार्यमा संलग्न कृषकहरुलाई अनुदान कार्यक्रम | घरधुरी संख्या | ० | २००० | ११००० | कृषि उत्पादनमा संलग्न कृषक समूह एवं सहकारीहरु मार्फत यान्त्रिकरणलाई प्रोत्साहन लगायत आवश्यक मल, वीउ विजन, औजार तथा विषादी |
| १.५.१० संचालित हाटवजारको सुदृढीकरण | संख्या | ० | १५ | ६००० | सबै वडा |
| १.५.११ शीत भण्डारणको स्थापना एवं संचालन | मे.ट. | ० | १००० | २५००० | वडा नं. २, औरावनी |
| १.५.१२ कृषि शिक्षालयको स्थापना एवं संचालन | संख्या | | १ | २५०० | वडा नं. २, औरावनी |
| १.५.१३ व्यवसायिक किसानहरुको क्षमता विकास कार्यक्रम | पटक | ० | १५ | ३००० | जैविक मल तथा जैविक विषादीको प्रयोग सम्वन्धि चेतनामूलक कार्यक्रम, कृषक समूह तथा सहकारीको क्षमता विकास, कृषि विमा |
| **प्रतिफल १.१ को जम्मा** | | | | **७८०५०** | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| **प्रतिफल १.२ सिंचाई सुविधाको विस्तार तथा प्रवर्धन भएको हुने छ।** | | | | | |
| १.२.१ सिंचाई सुविधा विस्तार कार्यक्रम | कार्यक्रम संख्या | ० | १ | ९७५० | डिप बोरिङ ६ वटा, बोरिङ १५० वटा सबै वडामा |
| १.२.२ बाँध नियन्त्रण गरी सिंचाई संचालन | वटा | ० | ५ | ५०००० | सुकमार, गढौन, थलाह, ढोंगहा, टेंग्राह, ज्वला खोला |
| १.२.३ सिंचाई कोषको स्थापना एवं संचालन | पटक | | १ | १०००० | |
| **प्रतिफल १.२ को जम्मा** | | | | **६९७५०** | |
| **प्रतिफल १.३ पशुपालन व्यवसायिक तथा पशुजन्य उत्पादनमा विविधिकरण भएको हुने छ।** | | | | | |
| १.३.१ नश्ल सुधार कार्यक्रम | कार्यक्रम संख्या | ० | १ | ६००० | कृत्रिम गर्भाधान सेवा ५००० पशुसंख्या, ब्याडको बोयर बोका ६ वटा सबै वडामा |
| १.३.२ व्यवसायिक बाखापालनका लागि पकेट क्षेत्र कार्यक्रम | सख्या | ० | ६ | १८०० | वडा नं. १ देखि ६ |
| १.३.३ पशुस्वास्थ्य सेवा कार्यक्रम | संख्या | ० | १ | ५००० | रोग निदान, बाँझोपन, ईपिडेमिक तथा आकस्मिक रोग निदान, खोप कार्यक्रम, पशु स्वास्थ्य शिविर |
| १.३.४ घाँस बाली तथा चरण क्षेत्र विकास कार्यक्रम | हे. | ० | ३० | २५० | सबै वडा |
| १.३.५ पशु वधशाला निर्माण तथा व्यवस्थापन कार्यक्रम | संख्या | ० | १ | ३००० | वडा नं. २, औरावनी |
| १.३.६ मासु प्रशोधन केन्द्रको स्थापना एवं संचालन | संख्या | ० | १ | १५०० | |
| १.३.७ दुग्ध चिस्यान केन्द्र स्थापना गर्ने | संख्या | ० | ६ | १८०० | सबै वडा |
| १.३.८ गोठ तथा भकारो सुधार कार्यक्रम | संख्या | ० | १ | ५००० | सबै वडा |
| १.३.९ व्यवसायिक कुखुरापालन गर्ने कृषकहरुको लागि जैविक सुरक्षा तथा वारबन्देज कार्यक्रम | पटक | ० | १० | ५०० | सबै वडा |
| १.३.१० साझेदारीमा च्यापकटर वितरण | संख्या | ० | २५ | १२५० | सबै वडा |
| १.३.११ सहकार्यमा मासु पसल सुधार कार्यक्रम | संख्या | ० | २५ | ५५०० | सबै वडा |
| १.३.१२ युवा लक्षित पशुपालन कार्यक्रम | संख्या | ० | ५ | २५०० | सबै वडा |
| १.३.१३ पशुसेवाको सहज एवं प्रभावकारी उपलब्धताका लागि पशु सेवा प्राविधिकलाई अत्यावश्यक औजार तथा उपकरण सहयोग | संख्या | ० | ६ | १२०० | सबै वडा |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| १.३.१४ पशु विमा कार्यक्रम | पटक | ० | ५ | १००० | सबै वडा |
| **प्रतिफल १.३ को जम्मा** | | | | **३६३००** | |
| **प्रतिफल १.४: उद्यम तथा व्यवसायको सिर्जना, विकास र व्यवसायिकतामा अभिबृद्धि भएको हुने छ।** | | | | | |
| १.३.१ उद्यमशिलता विकास तालिम | जना | ० | ३००० | ३६००० | सबै वडा |
| १.३.२ व्यवसाय स्थापनार्थ प्रविधि हस्तान्तरण | जना | ० | ६०० | ३०००० | युवा र महिला लक्षित |
| १.३.३ बजार सूचना केन्द्रको स्थापना | | ० | १ | १५०० | औरावनीमा (निजी क्षेत्रसंगको सहकार्यमा) |
| १.३.४ स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थपना | | ० | ९ | २७००० | दुग्ध प्रशोधन ६ वटा, खाद्यान्न वीउ प्रशोधन २ वटा, माछा मासु प्रशोधन १ वटा |
| **प्रतिफल १.४ को जम्मा** | | | | **९४५००** | |
| **प्रतिफल १.५: पर्यटकीय स्थल र सेवाको अध्ययन, विकास र प्रवर्धन भएको हुने छ।** | | | | | |
| १.५.१ गढीमाई मन्दिरको पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | १ | १०००० | वडा नं. २ को गढीमाई मन्दिरमा वार वन्देज, पार्क, पिकनिक स्थल विकास तथा सुधार एवं मन्दिरको स्तरोन्नती |
| १.५.२ धार्मिक पर्यटकीय पूर्वाधारको स्तरोन्नती | पटक | ० | १ | १००० | वडा नं. १ को गुठी, वडा नं. २ दुर्गाकाली मन्दिर, वडा नं. ३ को सुव्वाखाल र वडा नं. ४ फौदाथान |
| १.५.३ वडा नं. ५ को गढी थानमा पार्क स्थापना गर्ने | पटक | ० | १ | २००० | |
| १.५.४ पर्यटकीयस्थलको प्रचार प्रसार | कार्यक्रम संख्या | ० | १ | १५०० | |
| **प्रतिफल १.५ को जम्मा** | | | | **१४५००** | |
| **प्रतिफल १.६: वैक तथा वित्तीय सुविधा तथा सेवा विस्तार तथा प्रवर्धन भएको हुने छ।** | | | | | |
| १.६.१ वित्तीय संस्था/सहकारी स्थापनामा प्रवर्द्धन एवं संचालनमा सहजीरण | संख्या | ० | १२ | ३०० | सबै वडा |
| १.६.२ सहकारी संस्था एकीकरण (गाभ्ने) | संख्या | ० | १० | ५०० | सबै वडा |
| १.६.३ सहकारीको क्षमता विकास कार्यक्रम | संख्या | ० | ३० | ४५०० | सबै वडा |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| १.६.४ | सहकारी सूचना प्रविधि सहयोग कार्यक्रम | संख्या | ० | २५ | १२५० | सबै वडा |
| १.६.५ | सहकारी सचेतना तथा वित्तीय साक्षरता कार्यक्रम | संख्या | ० | २० | १००० | सबै वडा |
| १.६.६ | वित्तीय प्रोफाईल अद्यावधिक र प्रकाशन | पटक | ० | ५ | १००० | सबै वडा |
| **प्रतिफल १.६ को जम्मा** | | | | | **८५५०** | |
| **आर्थिक विकासको जम्मा** | | | | | **३०१६५०** | |
| **२. सामाजिक विकास** | | | | | | |
| **प्रतिफल २.१. प्रारम्भिक, आधारभूत तथा विद्यालय शिक्षामा पहुँच र गुणस्तर तथा प्राविधिक एवं उच्च शिक्षामा लक्षित वर्ग र क्षेत्रको पहुँच बृद्धि भएको हुने छ।** | | | | | | |
| २.१.१ | अंग्रेजी माध्यमवाट शिक्षण | संख्या | ० | **सबैमा** | ५०००० | सबै सामुदायिक विद्यालय |
| २.१.२ | सुचना प्रविधियुक्त विद्यालय | संख्या | ० | **सबै विद्यालय** | १०००० | सबै सामुदायिक विद्यालय |
| २.१.३ | भौतिक पुर्वाधार मर्मत तथा निर्माण | संख्या | ० | | ५०००० | सबै सामुदायिक विद्यालय |
| २.१.४ | कृषि प्रविधिक शिक्षाको व्यवस्थापन | संख्या | ० | १ | १०००० | गढी गापास्तरीय |
| २.१.५ | आधुनिक प्रविधिको व्यवस्थापन | संख्या | ० | **सबै शिक्षकहरू** | १०००० | सबै सामुदायिक विद्यालय |
| २.१.६ | खेल मैदान व्यवस्थापन | संख्या | ० | ६ | १०००० | सबै सामुदायिक विद्यालय |
| २.१.७ | पुस्तकालय/बुक कर्नर शैक्षिक सामाग्री व्यवस्थापन | संख्या | ० | **सबै विद्यालयहरू** | ५०००० | सबै सामुदायिक विद्यालय |
| **प्रतिफल २.१ को जम्मा** | | | | | **१९००००** | |
| **प्रतिफल २.२. आधारभूत स्वास्थ्य सेवा तथा सुविधाको उपलब्धता तथा गुणस्तरमा अभिवृद्धि भएको हुने छ।** | | | | | | |
| २.२.१ | एक सय बेडको मातृशिशु अस्पताल | संख्या | ० | १ | ५०००० | गढी गा.पा. |
| २.२.२ | आर्थिक रुपले विपन्नलाई नि:शुल्क स्वास्थ्य सेवा (गढी स्वास्थ्य कोष स्थापना) | संख्या | ० | १ | ५००० | गढी गा.पा. |
| २.२.३ | सबै बालवालिकाहरुका लागि पोषण केन्द्र स्थापना | संख्या | ० | १ | २५००० | गढी गा.पा. |
| २.२.४ | सुचना प्रवधियुक्त स्वास्थ्य सेवा | संख्या | ० | ६ | १००० | गढी गा.पा. |
| २.२.५ | सरुवा तथा नसर्ने रोगको चेतना केन्द्रको स्थापना | संख्या | ० | ६ | ५००० | गढी गा.पा. |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| २.२.६ मोवाइल उपचार एम्बुलेन्स व्यवस्थापन | संख्या | ० | २ | २०००० | प्रत्येक ३ वडाका लागि १ वटा |
| **प्रतिफल २.२ को जम्मा** | | | | **१०६०००** | |
| **प्रतिफल २.३. खानेपानी तथा सरसफाई सेवा सुविधाको उपलब्धता र गुणस्तरमा वृद्धि भएको हुने छ।** | | | | | |
| २.३.१ प्रत्येक घरधुरीमा व्यक्तिगत व्यवस्थित चर्पी निर्माणमा प्रोत्साहन | संख्या | ० | **सवै घरमा** | ५००० | गढी गा.पा. |
| २.३.२ सार्वजनिक शौचालय निर्माण | संख्या | ० | ६ | १०००० | प्रत्येक वडामा १/१ वटा |
| २.३.३ खानेपानीको ह्याण्डपम्पमा चौताल निर्माण | संख्या | ० | **सवै धारामा** | १०००० | गढी गा.पा. |
| २.३.४ खानेपानी ट्याङ्की निमार्ण | संख्या | ० | ६ | ४०००० | प्रत्येक वडामा १/१ वटा |
| २.३.५ खानेपानी तथा सरसफाई सम्बन्धि रणनीतिक योजना तर्जुमा | संख्या | ० | ६ | १०००० | प्रत्येक वडामा १/१ वटा |
| २.३.६ ढल निर्माण | किमी | ० | १० | ३०००० | गढी गा.पा. |
| २.३.७ फाहोर व्यवस्थापन स्थल विकास | संख्या | ० | १ | ४०००० | गढी गा.पा. |
| २.३.८ जनचेतना कार्यक्रम संचालन | संख्या | ० | ६ | ५००० | प्रत्येक वडामा १/१ वटा |
| **प्रतिफल २.३ को जम्मा** | | | | **१५००००** | |
| **प्रतिफल २.४. विपन्न तथा लक्षित वर्गको क्षमता, सहभागिता र आधारभूत सेवा तथा सुविधाको पहुँचमा अभिवृद्धि भएको हुने छ।** | | | | | |
| २.४.१ महिला, बालबालिका, अपांग, जेष्ठ नागरिकको लागि आपतकालिन कोष स्थापना | वटा | ० | ७ | ५०००० | सवै वडा र गापा स्तरीय |
| २.४.२ बालगृह संचालन | वटा | ० | १ | ५००० | गा.पा. स्तरीय |
| २.४.३ बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यक्रम | पटक | ० | ७ | ३०००० | सवै वडा र गा.पा. स्तरीय |
| २.४.४ बालश्रममूक्त गा.पा. घोषणा | पटक | ० | ७ | ५००० | सवै वडा र गा.पा. स्तरीय |
| २.४.५ बालमैत्रि स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | पटक | ० | ७ | ५००० | सवै वडा र गा.पा. स्तरीय |
| २.४.६ बाल विवाहमुक्त गा.पा. घोषणा | पटक | १ | ५ | १५०० | |
| २.४.७ महिला हिंसा न्यूनिकरण आपतकालिन कोष स्थापना | वटा | ० | ७ | १०००० | सवै वडा र गा.पा. स्तरीय |
| २.४.८ सेवा केन्द्रको निमार्ण (हिंसा पिडित आवास गृह) | वटा | ० | १ | १०००० | गा.पा. स्तरीय |
| २.४.९ अपांगता समन्वय समिति गठन तथा क्षमता अभिवृद्धि | वटा | ० | ७ | ५००० | सवै वडा र गा.पा. स्तरीय |
| २.४.१० अपांगता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि तथा | वटा | ० | ७ | १०००० | सवै वडा र गा.पा. स्तरीय |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| | सशक्तिकरण कार्यक्रम | | | | | |
| २.४.११ | अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार | वटा | ० | | ३५०० | सवै वडा |
| २.४.१२ | दलित लक्षित प्राविधिक शिक्षा | जना | ० | ३० | १५०० | सवै वडा |
| २.४.१३ | दलित अभिभावक सचेतना कार्यक्रम (विद्यार्थी भर्ना, वालविवह, मादक पदार्थ) | पटक | ० | ७० | ९००० | सवै वडा |
| २.४.१४ | नागरिक स्वास्थ्य विमा (विपन्न वर्ग) | जना | ० | १५०० | ३००० | सवै वडा |
| २.४.१५ | नागरिक विश्राम केन्द्र | वटा | ० | ६ | ६००० | सवै वडा |
| २.४.१६ | एकल महिला सिपमुलक रोजगार सृजना | वटा | ० | ६ | २५०० | सवै वडा |
| **प्रतिफल २.४ को जम्मा** | | | | | **१५७०००** | |
| **प्रतिफल २.५. सु-संस्कृत, सिर्जनशील र व्यवसायिक युवाशक्तिको विकास भएको हुने छ।** | | | | | | |
| २.५.१ | युवाहरुलाई प्राविधिक तालिम (Plumbing, electrician, Moterbike Repairing etc.) | जना | | २०० | ५००० | सवै वडामा संचालन |
| २.५.२ | लागु औषध नियन्त्रणका लागि कार्यक्रम | जना | ० | १५० | २००० | सवै वडा |
| २.५.३ | सूचना व्यवस्थापन तथा युवामैत्री सूचना प्रणाली (IT, Agriculture, Health Education) | जना | ० | १५० | ५००० | सवै वडा |
| २.५.४ | खेलकुद निरन्तरता कार्यक्रम (कबर्डहल निर्माण, खेल मन्दिर निर्माण, खेलकुद सामग्री | पटक | ० | १ | १००००० | गापा स्तरीय |
| २.५.५ | लोकसेवा तयारी कक्षा सञ्चालन | जना | | ५०० | १००० | सवै वडा |
| **प्रतिफल २.५ को जम्मा** | | | | | **११३०००** | |
| **प्रतिफल २.६. स्थानीय कला, संस्कृति, संम्पदाको संरक्षण तथा प्रर्वधन भएको हुने छ।** | | | | | | |
| २.६.१ | संग्रहालय निर्माण | वटा | ० | १ | ५००० | गापा स्तरीय |
| २.६.२ | मठमन्दिर निर्माण तथा सुधार | वटा | ० | ६ | २०००० | सवै वडा |
| २.६.३ | घाट व्यवस्थापन | वटा | ० | १ | ५००० | गापा स्तरीय |
| **प्रतिफल २.६ को जम्मा** | | | | | **३००००** | |
| **सामाजिक विकासको जम्मा** | | | | | **७४६०००** | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| **३. पुर्वाधार विकास** | | | | | |
| **प्रतिफल ३.१. बजार, सडक एवं सहयोगी पूर्वाधारको विकास, विस्तार, गुणस्तर बृद्धि तथा यातायात सुचारु भएको हुने छ।** | | | | | |
| ३.१.१ पक्की सडक | कि.मि | ६ | २१ | २२५००० | पक्की सडक निर्माण आयोजना (१५ कि.मि.) गर्ने र बाँकी खण्डमा सहायक संरचना सहित सडक ग्राभेल गर्ने<br>१. सत्येरझोरा शुक्रबारे हाट देखी थलहा हुदै औरावनी सडक (६ कि.मी.)<br>२. गढी २ भमरी चोक देखी उत्तर मधेली-नरभासा सडक (६ कि.मी.)<br>३. सोमबारे हटिया देखी कोल्हरवा विद्यालय हुँदै थलाहा पुल सत्येरझोडा छिताहा सडक (४ कि.मि)<br>४. गढी २ काली मन्दिर औराबनी देखि वडा नं. ५, ६ को कृषि सडकको पिच जोडने सडक (७ कि.मि.) |
| ३.१.२ पानी निकास नालीसहित गाभेल सडक | कि.मि. | ८ | ६० | १३०००० | बार्षिक १० कि.मि.का दरले सहायक संरचनासहित ५२ कि.मि.म सडक ग्राभेल गर्ने(५२ कि.मि)<br>१. सत्तेरझोरा कुशेश्वर खेरवार दक्षिण देवानगंज पक्की टोल सिनवारी सडक (५ कि.मी.)<br>२. सत्तेरझोरा प्राथमीक स्वास्थ केन्द्र देखी गौतमपुर - हरीनगरा सडक (३ कि.मी.)<br>३. सत्तेरझोरा नयाँ पुल (वनटुटा खोला), छिटाहा सडक (६ कि.मी.)<br>४. औरावनी-बर्जु सडक (नहर डिल) (८ कि.मी.)<br>५. गढी २ भमरी चोक देखी दक्षिण छिटाहा यादव टोल/वि.पि. चोक हुदै वर्जु सडक (८ कि.मी.)<br>६. इनरुवा ७ देखी लछमीनया हुदै जमुवा, झुन्की मधेली सडक (६ कि.मी.)<br>७. गढी ४ धुराहा टोल देखी दिघिया मेला हुदै वर्जु र देवानगञ्ज सिमा सडक (३ कि.मी.)<br>८. गढी ५ वाट सरस्वती आ.वि. वडा न. २ हुदै |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| | | | | | | गढी १ जोडने सडक (७ कि.मी.)<br>९. वडा नं ५ को एनसेल टावर देखी पश्चिम राजेन्द्र मेहता टोल इदगाहा हुदै बुधवारे हाट सडक (३ कि.मी.)<br>१०. वडा नं. ४ को धुराहाटोल (शिवमन्दिर) देखी पूर्व दक्षिण मेहताटोल हुँदै पूर्व नहर पारी ट्याङग्रा खोला सडक (३ कि.मि) |
| ३.१.३ | नियमित सडक मर्मत संभार | कि.मि. | ४ | ६० | ६०००० | नियमित मर्मत तथा सुधार आयोजना (५६ कि.मि) |
| ३.१.४ | सडक पुल | वटा | १३ | १८ | १५०००० | **पक्की पुल (५ वटा पुल थप गर्ने०**<br>वडा नं. १ मुस्लिम टोल कब्रस्थान नजिक, जमुवा लक्ष्मिनियाको विचमा, सितागञ्ज नहर<br>वडा नं. ४ छिटाहा, वाइसीघाट<br>वडा नं. ५ र ६ को विच जलाहा खोला पच्कौरीथान<br>वडा नं २ सखुवारे<br>वडा नं. ६ गौतमपुर सतेरझोडा जोड्ने सडकमा |
| ३.१.५ | सडक कल्भर्ट निर्माण | वटा | २९ | ५४ | ७५०० | **पक्की कल्भर्ट (थप २५ वटा थप गर्ने)**<br>मुस्लिम टोलको अगाडी २ नं. सिमाना जोडने बाटोमा, इदगाहा जाने बाटोमा, शिवमन्दिर अगाडी, लक्ष्मिनिया हनुमान मन्दिर अगाडी ३ वटा, तिनकुने जाने बाटो, मजदुर किसान मा.वि देखी नहर जोडने<br>वडा नं. २ मा ५ वटा (झोरा, भमरीचोक, कोल्हर्वा, सखुवारीमा २ वटा<br>वडा नं. एनसेल टावर मझौ, महेन्द्रचोक देखी पूर्व मझौ<br>वडा नं. ४ मा अशोकगाछी, फौदारस्थान आ.वि.को पश्चिम, वडा नं. ३ को सिमान देखी दक्षिण २ वटा र आनन्दमन्दिर देखी पूर्व<br>वडा नं. ५ थलाहा नहर देखी पूर्व राजाजीथान देखी पश्चिम, थलाहा नहर देखी पूर्व र राजाजीस्थान |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| | | | | | | दक्षिण सरदार टोल उत्तर |
| | | | | | | वडा नं. ६ गौतमपुर सिमाना जोडने सडकमा, डिहबारथान देखी उत्तर जाने बाटोमा २ वटा |
| ३.१.६ | व्यवस्थित वसपार्क | वटा | ० | १ | ५०००० | औरावनी भमरी |
| ३.१.७ | बजार व्यवस्थापन | संख्या | ० | ४ | ६०००० | वडा नं. २ को भमरी, वडा नं. को छिटाहा, वडा नं. १ मधेली र वडा नं. ६ सत्तेरझोरा |
| ३.१.८ | सार्बजनिक शौचालय निर्माण | संख्या | ० | १२ | १२००० | प्रत्येक वडामा २ वटा |
| **प्रतिफल ३.१ को जम्मा** | | | | | **६९४५००** | |
| **प्रतिफल ३.२: आवास, वस्ती र सार्वजनिक निर्माण एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुने छ।** | | | | | | |
| ३.२.१ | एकीकृत सेवासहितको गाउँ कार्यपालिका तथा वडा कार्यालय भवन निर्माण | वटा | ४ | ७ | १००००० | गाउँ कार्यपालिका भवन, वडा नं. २ औरावनी |
| | | | | | | वडा कार्यालय भवन वडा ४ |
| | | | | | | वडा कार्यालय भवन, वडा नं. ५ सतेरझोरा |
| ३.२.२ | प्राविधिक कर्मचारी तथा डकर्मीकालागि भूकम्प प्रतिरोधी प्रविधि तथा भवन निर्माण तालिम | जना | ० | १०० | ५००० | गाउँपालिका क्षेत्र भरी |
| ३.२.३ | विपन्न जनता आवास कार्यक्रम | घरधुरी | ५० | २०० | १०००० | दलित तथा विपन्न घरपरिवार |
| ३.२.४ | सभाहल तथा सामुदायिक भवन निर्माण | वटा | २ | ५ | १०००० | सभाहल निर्माण वडा नं. २ औरावनी |
| | | | | | | वडा न. ६ वाहेक हरेक वडामा १/१ वटा सामुदायिक भवन निर्माण |
| ३.२.५ | सानोस्तरको डम्पिङसाइट निर्माण | | | | १०००० | गढी २ औरावनी |
| **प्रतिफल ३.२ को जम्मा** | | | | | **१३५०००** | |
| **प्रतिफल ३.३: विद्युत तथा वैकल्पिक ऊर्जाको प्रवर्धन, उत्पादन र उपयोग बृद्धि भएको हुने छ।** | | | | | | |
| ३.३.१ | विद्युत विस्तार कार्यक्रम | घरधुरी | ६३७५ | ७५०० | ५००० | • वडा नं. १ को मुस्लिम टोल, लक्ष्मिनिया टोल र श्रषिदेव टोल |
| | | | | | | • वडा नं. २ को सखुवारी देखी झोडा सम्म |
| | | | | | | • वडा नं. ५ को थलाहाको खोलाछेउ |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|
| | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| ३.३.२ वैकल्पिक उर्जा | चुल्हो संख्या | ५० | १५० | ३०० | • सुधारिएको चुल्हो १०० घरधुरीमा विस्तार गर्ने |
| | सोलार वत्ती | ७५ | ६०० | ४५०० | • थप ५२५ सोलार प्यानल सेट विस्तार गर्ने |
| ३.३.३ सडक बत्ती विस्तार | सेट | ० | १०० | ६००० | औरावनी, भमरी, छिटाहा, मधेली, सत्तेरझोरा बजार |
| **प्रतिफल ३.३ को जम्मा** | | | | **१५८००** | |
| **प्रतिफल ३.४: सूचना तथा संचार प्रविधि र सूचनाको उपलब्धता र गुणस्तर अभिबृद्धि भएको हुने छ ।** | | | | | |
| ३.४.१ गाउँपालिका केन्द्र र वडा कार्यालयहरु बीच इन्ट्रानेट जडान | पटक | ० | १ | २००० | गाउँ कार्यपालिका कार्यालय र वडा कार्यालयमा |
| ३.४.२ जनप्रतिनिधि सूचना र संचार प्रविधि क्षमता विकास तालिम | पटक | ० | ३४ | ६०० | सवै वडामा |
| ३.४.३ सामुदायिक एफएम स्थापना | स्टेशन | ० | १ | १००० | वडा नं. २ को औरावनी |
| ३.४.४ पदाधिकारी तथा सेवाग्राही रेडियो संवाद कार्यक्रम | पटक | ० | ६० | ७५० | स्थानीय रेडियो स्टेशनसँग मासिक |
| ३.४.५ सफ्टवयर डिजाइन र जडान (योजना, राजस्व, जिन्सी, प्रोफाइल, सम्पत्ती कर आदी) | सफ्टवयर | ० | ५ | २००० | |
| ३.४.६ मोवाएल एप्स निर्माण र प्रयोग (कृषि, पशु, स्वास्थ्य, सरसफाई र सूचनामूलक सन्देश) | विषय क्षेत्र | ० | ५ | ५०० | |
| ३.४.७ मोवाइल टावर विस्तारको लागि साझेदारी पैरवी | स्थान | २० | २५ | ५००० | • छिताहा, भमरी, मधेली, सतेरझोरा, औरावनीमा हाल रहेको<br>• वडा नं. १ को मधेली र वडा नं. २ को गढीमा थप गर्ने |
| ३.४.८ गढी विकास बुलेटिन प्रकाशन (चौमासिक) | पटक | ० | १५ | ७५० | |
| ३.४.९ खोजमूलक लेखन वृत्ती कार्यक्रम | जना | ० | १५ | ३०० | |
| **प्रतिफल ३.४ को जम्मा** | | | | **१२९००** | |
| **पूर्वाधार विकासको जम्मा** | | | | **८५८२००** | |
| **४.वन, वातावरण तथा विपद व्यवस्थापन** | | | | | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| **प्रतिफल ४.१: वन श्रोतको संरक्षण तथा वैज्ञानिक व्यवस्थापन र संचितीमा वृद्धि भएको हुने छ।** | | | | | | |
| ४.१.१ | वन संरक्षण तथा पार्क निर्माण कार्यक्रम | वटा | २ | २ | १८००० | गढी फिल्ड-५, फौदार थान, ट्याङ्ग खोला घाट-३ |
| ४.१.२ | गढी वन संरक्षण तथा मनोरन्जन स्थल निर्माण कार्यक्रम | स्थान | २ | ५ | २०००० | वडा नं. २ |
| ४.१.३ | नर्सरी ब्यबस्थापन कार्यक्रम | स्थान | २ | ५ | १५०० | कालि स्थान, औरावनी छिटाहा ३ |
| ४.१.४ | निजी वन प्रवर्धन कार्यक्रम | हेक्टर | १० | २५ | ३००० | ६ वटै वडाहरु |
| **प्रतिफल ४.१ को जम्मा** | | | | | **४२५००** | |
| **प्रतिफल ४.२: जलाधार तथा भूमिको एकीकृत तथा व्यवस्थित उपयोगमा बृद्धि भएको हुने छ।** | | | | | | |
| ४.२.१ | नदि कटान रोकथाम तथा भूक्षय नियन्त्रण कार्यक्रम | कि.मि | ० | ८ | १००००० | थलाहा खोला, गडन खोला, ज्वला खोला |
| ४.२.२ | स्पर वाँध र चेक ड्याम निर्माण | कि.मि | ०.५ | ५ | १०००० | थलाहा खोला, गडन खोला, ज्वला खोला |
| **प्रतिफल ४.२ को जम्मा** | | | | | **११००००** | |
| **प्रतिफल ४.३: गाउँको सुन्दरता तथा पर्यावरणीय स्वच्छता र जलवायु परिवर्तन अनुकुलतामा अभिबृद्धि भएको हुने छ।** | | | | | | |
| ४.३.१ | मनोरञ्जन स्थल निर्माण तथा पोखरी संरक्षण कार्यक्रम | स्थद | ० | ५ | १२००० | वन टुटा, डिहवार थान, ढोगांह खोला, सिंघिया मडान, गढी वन |
| ४.३.२ | सडक किनारा, सार्वजनिक स्थानमा, खोला किनारमा बृक्षारोपण | विरुवा संख्या | ० | ३००० | ३००० | वडा नं.१-६, ट्याङ्ग, ढोगांह, थलाहा, ज्वला, गढना |
| ४.३.३ | जलवायू परिवर्तन अनुकुलन कार्यक्रम (सचेतना कार्यक्रम) | पटक | ० | १२ | २०००० | सबै वार्डमा |
| ४.३.४ | फोहरमैला व्यवस्थापन (सचेतना, फाहोर संकलन तथा विसर्जन), | स्थान | ० | १२ | २००० | मधेली चौक, औराबनी चौक, भमरी चौक, मझौ चौक, हातिमुढा चौक, होलया चौक, छिटाहा चौक, बिपि चौक, बुधचौक, फौदारस्थान चौक |
| ४.३.५ | कम्पोष्ट विन गार्भेज पिठ वितरण | घरपरिवार | ० | २००० | १४०० | सबै वडाहरु |
| ४.३.६ | सुधारिएको चुलो, बायो ग्याँस जडान बार्यक्रम | घरपरिवार | १२०० | ३००० | १००० | |
| **प्रतिफल ४.३ को जम्मा** | | | | | **३९४००** | |
| **प्रतिफल ४.४: विपद् जोखिम तथा क्षती न्यूनीकरण भएको हुने छ।** | | | | | | |
| ४.४.१ | विपद ब्यबस्थापन कार्ययोजना कार्यन्वयन, ब्यबस्थापन कार्यक्रम | पटक | ० | १० | ५००० | गाउँपालिका स्तरीय |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| ४.४.२ | वडा स्तरिय बिपद ब्यबस्थापन समिति निर्माण तथा तालिम सहित उद्धार सामाग्री व्यबस्था कार्यक्रम | स्थान | ० | १२ | ३००० | सबै वार्डमा |
| ४.४.३ | विपद न्यूनिकरण (Mitigation measures) कार्यक्रम | स्थान | ० | १२ | १०००० | सबै वार्डमा |
| ४.४.४ | विपद् न्यनिकरणका लागि स्व्यंसेवक छनौट तथा क्षमता अभिवृद्धि | जना | ० | ६० | २००० | सबै वार्डमा |
| ४.४.५ | सम्भावित विपद् स्थान, जनसंख्या र क्षति तथा सुरक्षित स्थानको पहिचान, नक्सांकन कार्यक्रम | पटक | ० | ६ | १५०० | सबै वार्डमा |
| ४.४.६ | बरुणयन्त्र खरिद र व्यवस्थापन (छिमेकी स्थानीय निकायसँग साभेदा) | संख्या | ० | १ | १००० | ईनरुवा, दुहबी न.पा.सँग समन्वय गरि गाउँपालिका |
| **प्रतिफल ४.४ को जम्मा** | | | | | **२२५००** | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापनको जम्मा** | | | | | **११९९०००** | |
| **५. सुशासन तथा क्षमता विकास** | | | | | | |
| **प्रतिफल ५.१. स्थानीय कानून, नीति तर्जुमा र पालना अभिबृद्धि भएको हुने छ।** | | | | | | |
| ५.१.१ | आवश्यक कानुन तथा नीति निर्माण र प्रवोधिकरण कार्यक्रम | संख्या | ० | १० | १५०० | गाउँपालिका र वडा स्तर |
| ५.१.२ | पारदर्शिता तथा जवाफदेहिता सम्वन्धी कार्यविधि निर्माण तथाकार्यान्वयन ( | संख्या | ० | ७ | १००० | गा.पा. स्तर |
| ५.१.३ | गुनासो सुनुवाइ तथा व्यवस्थापन कार्यक्रम (सुझाव तथा उजुरी पेटिका र  सूचनापाटी, संचार माध्यमसँगजनप्रतिनिधि साक्षात्कार कार्यक्रम) | संख्या | १ | ६ | ८०० | गा.पा. स्तर |
| ५.१.४ | सुशासन र जवाफदेहिता सम्बन्धी तालिम (जनप्रतिनिधि र कर्मचारी) | संख्या | १ | ६ | ७५० | गा.पा. तथा वडा स्तर |
| ५.१.५ | सूचना केन्द्र स्थापना तथा व्यवस्थापन | पटक | १ | ६ | १००० | गा.पा. स्तर (अभिलेख व्यवस्थापन) |
| ५.१.६ | गा.पा. तथा प्रत्येक वडा कार्यालयमा सेवाग्राही प्रतीक्षा कक्ष व्यवस्थापन | संख्या | ० | ७ | २५०० | गा.पा. र वडा स्तर |
| ५.१.७ | व्यवस्थित कार्यालय शौचालय व्यवस्थापन (सेवाग्राही सहित) | संख्या | ० | ७ | ३५०० | गा.पा. तथा वडा स्तर |
| ५.१.८ | स्थानीय राजपत्र प्रकाशन | संख्या | ० | ६० | ६०० | गाउँपालिका |
| ५.१.९ | विद्युतिय शासन प्रवर्धन कार्यक्रम (डिजिटल वोर्ड सहित) | पटक | ० | ५ | ७००० | गा.पा. र वडा स्तर |
| **प्रतिफल ५.१ जम्मा** | | | | | **१८६५०** | |

| विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | | इकाई | योजनाको लक्ष्य | | अनुमानित लागत (रु. हजार) | स्थानगत विवरण |
|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष ०७५/०७६ | कूल लक्ष्य (२०७९/८०) | | |
| **प्रतिफल ५.२. गाउँपालिका तथा वडा कार्यालयको संस्थागत क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिबृद्धि भएको हुने छ।** | | | | | | |
| ५.२.१ | संगठन तथा व्यवस्थापन सर्भेक्षण | पटक | १ | ६ | ३०० | गाउँपालिका |
| ५.२.२ | कार्यालय फर्निचर तथा उपकरण खरिद (कार्यकक्ष तथा वैठक व्यवस्थापन) | एकमुष्ट | ० | १ | १०००० | गाउँपालिका |
| ५.२.३ | विद्युतीय शासन प्रवर्द्धन कार्यक्रम | एकमुष्ट | ० | १ | २०००० | गाउँपालिका |
| ५.२.४ | जनप्रतिनिधि तथा कर्मचारी क्षमता विकास कार्यक्रम (बजेट तथा योजना तर्जुमा, गाउँपालिका संचालनसम्बन्धी कानूनी व्यवस्था, आर्थिक प्रशासनिक एवं विषयगत ऐन, नियम, कार्यविधि, सूचना प्रविधि, भौतिक पूर्वाधार आयोजनाको गुणस्तर नियन्त्रण) | संख्या | २ | २२ | ६००० | गाउँपालिका |
| ५.२.५ | अन्तर स्थानीय तह अवलोकन तथा सिकाई आदान प्रदान र कमएचारी जनप्रतिनिधि टिम विल्डिङ | संख्या | ० | ५ | ५००० | गाउँपालिका |
| ५.२.६ | वडा र कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | २७ | वार्षिक १ वडा र ३ कर्मचारी |
| ५.२.७ | सुचना तथा अभिलेख केन्द्रको स्थापना र संचालन | पटक | | | १००० | गाउँपालिका |
| ५.२.८ | हेभि ईक्विपमेन्ट तथा सवारी साधन व्यवस्थापन | | | | २०००० | १ पिक अप, २ ट्रायाक्टर, २० मोसा, १ ग्रेडर |
| ५.२.९ | विद्युतिय हाजिरी व्यवस्थापन | संख्या | ० | ७ | १४ | गापा तथा वडा स्तर |
| ५.२.१० | स्थानीय संघ संस्था क्षमता विकास | संख्या | ० | १० | १५०० | गापा स्तर |
| ५.२.११ | नगर प्रहरी परिचालन | संख्या | ० | २ | १००० | गापा स्तर |
| ५.२.१२ | मेलमिलाप केन्द्र स्थापना तथा क्षमता विकास | संख्या | ० | १ | १००० | गापा तथा वडा स्तर (मेलमिलापकर्ता तालिम सहित) |
| **प्रतिफल ५.२. जम्मा** | | | | | **६५८४१** | |
| **प्रतिफल ५.३. गाउँपालिका आन्तरिक तथा वाह्य श्रोत परिचालनमा अभिबृद्धि भएको हुने छ।** | | | | | | |
| ५.३.१ | श्रोत सम्भाव्यता अध्ययन(राजश्व सुधार कार्ययोजना) | पटक | ० | २ | १५०० | गाउँपालिका |
